
# लेखापरीक्षण प्रतिवेदन

# साकेला गाउँपालिका, खोटांग

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## साकेला गाउँपालिका, खोटांग

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/193

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
साकेला गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
खोटाङ्ग ।

## कैफियतसहितको राय

हामीले साकेला गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं ।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाँउपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । गाउँपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ५ करोड ३१ लाख ३८ स्थानिय तह प्रशासनिक भवन निर्माणमा रु ८३ लाख १४ हजार, स्वास्थ क्षेत्र सुधार कार्यक्रमको रु ६ लाख ६० हजार, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २ करोड २६ लाख १९ हजार र गरिबसँग विश्वेस्वर कार्यक्रमको रु. ४ लाख ५ हजार समेत गरी रु. ८ करोड ५१ लाख ३६ हजार समावेश गरेको छैन ।
२. गाँउपालिकाको रू. ८५ करोड ३२ लाख ५६ हजारको लेखापरीक्षण गरिएकोमा रू. २ करोड ४९ लाख ५४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रू. ४२ लाख ४१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई रू. २ करोड ७ लाख १२ हजार बेरुजु बाँकी रहेको छ । उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू. ५ लाख २ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ३८ लाख ६४ हजार, नियमित गर्नुपर्ने रु. ६२ लाख ४ हजार र पेस्की बाँकी रु. १ लाख ४२ हजार रहेको छ । गत वर्षसम्म रु.१९ करोड ३२ लाख ३३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२१ करोड २१ लाख ३३ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

३. गाँउपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने साकेला गाँउपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

## अन्य बेहोरा

यो साकेला गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी साकेला गाँउपालिकाको व्यवस्थापनमा रहेको छ । साकेला गाउँ कार्यपालिका, गाँउपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७६ | ९३ | २४९५३७६२ | १ | २५ | ४२४१२८१ | ० | ७५ | ६८ | २०७१२४८१ | ५०२५६७ | ६२०३५९६ | १३८६४११७ | ० | ० | २००६७७१३ | १४२२०० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| खोटाङ | १९,३२,३३,००० | ० | १८,१२,४८६ | १९,१४,२०,५१४ | ० | २,०७,१२,४८१ | २१,२१,३२,९९५ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | ५६ | लागत साझेदारी | ८९०९२३.१९ |
| २ | २०७९/८० | ८९ | पदाधिकारी यातायात खर्च | ११८८००.० |
| ३ | २०७९/८० | १०४.४ | ५ शय्या अस्पताल निर्माण | ८०२७६३.० |
| ४ | २०८०/८१ | ४६.२, ४६,३ | स्वास्थ्यतर्फ | ५५३५९८.५ |
| ५ | २०८०/८१ | २६ | सक्कल विल भरपाई | ३१२४०.९३ |
| ६ | २०८०/८१ | ५०.१० | शिक्षातर्फ देखिएका व्यहोराहरु | १६१०३२३.० |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८०/८१ | ३९ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान | १६५०.० |
| ८ | २०८०/८१ | ६० | पूर्व निर्धारित क्षतिपूर्ति | २५१५४.५२ |
| ९ | २०८०/८१ | ६२ | नन्फाईलर | १२११६९६.४ |
| १० | २०८०/८१ | २१ | दोहोरो भ्रमण | १५६४०.० |
| ११ | २०८०/८१ | २२ | दोहोरो भत्ता | १२८००.० |
| १२ | २०८०/८१ | ३४ | जिन्सी दाखिला | ५२८०००.० |
| १३ | २०८०/८१ | १३ | कर विजक | २०००००.० |
| १४ | २०८०/८१ | ३२.५ र ३२.७ | उपभोक्ता समितिबाट | २०६४३.० |
| १५ | २०८०/८१ | ४९.२ | आन्तरिक आयतर्फ | ३५३५.० |
| १६ | २०८०/८१ | ४.१ | सम्पत्ति उपयोग र संरक्षण | ०.० |
| १७ | २०८०/८१ | १०.५ | वित्तीय विवरण | २७०००.० |
| | | | जम्मा | ६०,५३,७६७.५४ |

# (८०१०८५०८३०० - साकेला गाउँपालिका, खोटांग )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडा, ६० सभा सदस्य, ७९.९९ वर्ग किलोमिटर क्षेत्रफल तथा ९,६२३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।१६ देखि २०८१ ।५।२२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, समआन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्योल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ०, राजस्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय – व्ययतर्फ रु. ८५,३२,५६,२६३।०५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५६५०८।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | राजश्वतर्फ | ४०९०८ |
| २ | भ्रमण बढी भुक्तानी | १५६०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **सेवा प्रवाह विवरण**

सुशासन (व्यवस्थापन तथा संचालन ) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी निकायले सबैले देख्ने ठाँउमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यबिधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण, सेवा प्रदान गर्न लाग्ने समयाबधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सोको विवरण, खुलाई नागरिक वडापत्र राख्नुपर्ने र सो बमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने ब्यवस्था छ ।कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष ८२४ ब्यक्तिगत घटना दर्ता जस्ता सेवा प्रवाह गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा निकायको सिमित जनशक्ति र पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन । अतः जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।

३ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । गाउँपालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा विभिन्न विद्यालय तथा सहकारी संस्थाहरुलाई बीउपूँजी तथा अनुदान खर्च लेखेको छ । कार्यालयबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

४ **सम्पत्ति उपयोग र संरक्षण**

४.१ **सम्पत्ती संरक्षण** -

✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

४.२ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

४.३

**PAMSमा प्रविष्टी** - नेपाल सरकार (मन्त्री परिषद्) को २०७७।०७।२० को निर्णय बमोजिम स्थानीय तहले खरिद गरेका सम्पूर्ण जिन्सी सामानहरुको लेखाङ्कन तथा प्रतिवेदन सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी हुनुपर्दछ । पालिका भित्रका वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुले खरिद गरेका जिन्सी सामाग्रीहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गरेका छैनन्। यसबाट पालिकाले खरिद गरी भुक्तानी गरेका सम्पूर्ण जिन्सी सामाग्रीहरु (PAMS) मा प्रविष्टी भए भनी आश्वस्त हुन सकिएन। कार्यालयले वडा तथा स्वास्थ्य चौकीहरुले खरिद गरेका जिन्सी सामाग्री एकिन गरी (PAMS) मा प्रविष्टी गर्नुपर्दछ।

## ५ **आन्तरिक नियन्त्रण प्रणाली**

५.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कायालयले कार्यविधि तयार नगरेको कारण आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी विभिन्न प्रकृतिका खर्चहरुको भुक्तानी गर्दा तेरिज बनाई भुक्तानी गर्नुपर्नेमा गरेको देखिएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यसबर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको बार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन ।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको पाईयो ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यसबर्ष कार्यसम्पन्न भएका विभिन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाईएन ।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।
- कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन ।
- कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख भएको देखिएन ।
- निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी किताबलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो। अतः योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन ।

कार्यालयले प्रचलित ऐन, नियम र कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्नाको साथै ऐन, नियमको अधिनमा रही कार्यालयको लागि आवश्यक पर्ने आन्तरीक नियन्त्रण कार्यबिधि तयार गरी प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु क्रमश सुधार गर्दै जानु पर्दछ ।

५.२

**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंलाएका व्यहोराहरू अन्तिम लेखापरीक्षण हुनु अघि फर्स्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण वर्षान्त भए पश्चात मात्र गराएको पाइयो । तसर्थ कानुनमा तोकिए बमोजिम प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराई सोबाट देखिएका कैफियत फर्स्यौट गराइ आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

५.३ बेरुजु लगत- महालेखा नियन्त्रक कार्यालयले सरकारी कार्यालयहरुको बेरुजु लगत अद्यावधिक गर्ने प्रयोजनका लागि मलेप फारामको व्यवस्था गरेको छ । कार्यालयले बेरुजु लगत, बेरुजुको कार्यालयगत प्रतिवेदन, सम्परीक्षण गोश्वारा अभिलेख लगायतका स्वीकृत म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फारामहरु अद्यावधिक गरेको छैन। बेरुजुको अद्यावधिक विवरण तयार गरी बाँकी बेरुजु समयमा नै फछ्र्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

५.४ **सूचना प्रविधी-** सुचना प्रविधि सम्बन्धि ऐन, २०७५ को दफा ६९ बमोजिम सरकारी निकायले कम्प्युटर तथा सुचना प्रणालीको प्रयोग गर्दा मन्त्रालयले तोकेको सुरक्षा मापदण्ड अवलम्बन गर्नुपर्ने र दफा ७० बमोजिम सरकारी निकाय, सार्वजनिक संस्था र वित्तीय तथा स्वास्थ्य सम्बन्धि सूचना प्रयोग गर्ने संस्थाहरुले अनिवार्य रुपमा आफुले प्रयोग गर्ने सुचना प्रणालीको तोकिए बमोजिमको अवधिमा सुरक्षा परीक्षण गराउनुपर्ने उल्लेख छ। कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हनुपर्दछ। कार्यालयले कारोवार लेखाङ्कन, अभिलेख र प्रतिवेदन लगायतका सूचना प्रविधिसँग सम्बन्धित प्रणालीगत व्यवस्था ऐनले तोकेको अवधिमा सुरक्षा परिक्षण गरेको अभिलेख लेखापरीक्षण समक्ष पेश भएन। यस सम्बन्धमा देखिएका आन्तरिक नियन्त्रण प्रणाली निम्नानुसार छन् ;

- सूचना प्रविधी पद्वतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर कार्यान्वियन गरेको छैन।
- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्वतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो गरी अद्यावधिक रुपमा नराखेको।
- म. ले. प. फाराम ९०१ र ९०२ को प्रयोग गरेको छैन।
- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ राख्नुपर्नेमा राखेको छैन। सफ्टवेयर प्राविधिक विषय भएकोले सोसँग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभाव परीक्षणको सिमा भन्दा वाहिर रहेको छ। सफ्टवेयरको कानुनी मान्यता, विश्वसनियता एवं आधिकारिताका विषयमा कार्यालयले ध्यान दिनुपर्दछ ।

५.५ **सवारी तथा अन्य मर्मत खर्च** – कोशी प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा ४३ बमोजिम सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यस बर्ष मर्मत शिर्षकबाट रु ७,९७,०००।- र कन्टेन्जेन्सीबाट समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वियन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

५.६ अनुगमन मुल्याङकन खर्च - भम्रण खर्च नियमावली,2064 को नियम ४ अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो हुने गरी भ्रमण गर्नुपर्ने उल्लेख छ। कार्यालयले दैनिक भ्रमण तथा अनुगमन खर्च भुक्तानी गर्दा सोको उद्धेश्य स्पष्ट हुनुपर्दछ। यो बर्ष पालिका चालु तर्फ अनुगमन मुल्याङकन तथा भ्रमण शिर्षकमा रु. १८,७०,०००।– र संघिय सरकार हस्तान्तरण चालु तर्फका विविध कार्यक्रमहरु तथा पालिकाबाट सञ्चालित विभिन्न योजनाहरुबाट कट्टि गरेको कन्टेन्जेन्सीबाट

समेत सोही प्रयोजनका लागि खर्च गरेको छ । कार्यालयले नियममा व्यवस्था भए बमोजिम भ्रमण अभिलेख खाता तयार गरी नराखेको, भ्रमण तथा अनुगमन पश्चात भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले भ्रमणको प्रयोजन खुलाई भ्रमण प्रतिवेदन पेश गर्नुपर्नेमा नगरेको, अधिकाशं भ्रमणको उद्देश्यमा प्रयोजन नखुलाई कार्यालय सम्बन्धि काम मात्र भन्ने गरेको र सो कार्यलाई पुष्टाई गर्ने कागजात भ्रमण विलमा संलग्न नभएको जस्ता कारणबाट भ्रमण तथा अनुगमन कार्यबाट प्रयाप्त उपलव्धि हासिल भयो भनी आश्वस्त हुन सकिएन। स्पष्ट प्रयोजन बेगर पदाधिकारी तथा कर्मचारीहरुको भ्रमण आदेश स्वीकृत गराई भुक्तानी लिने तथा भ्रमण खर्चलाई आवश्यकताको भन्दा सुविधाको आधारमा खर्च लेख्ने परम्पराले सरकारी खर्चको मितव्ययीतामा जोखिम देखिएकोले यस प्रकारको खर्चमा नियन्त्रण हुनुपर्दछ।

## ६ कानून निर्माण एवं कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्;

६.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा हालसम्म बनेका १३ ऐन, ४ नियमावली, १६ कार्यविधि लगायतका ३३ कानुनहरू निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको छ ।

६.२ न्यायीक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ र यो बर्ष थप भएको ९ गरी कुल १० विवाद दर्ता भएकोमा ५ वटा मात्र फछर्यौट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ७ खरिद तथा ठेक्का अभिलेख

७.१ **ठेक्का अभिलेखः**- सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्कागत अभिलेख खाता म.ले.प.फा.न.५०६ र ठेक्का सम्बन्धी गोश्वारा लगत म ले प फा नं ५०७ बमोजिम तोकिएको ढाँचामा अद्यावधिक गरी निर्माण कार्यको अभिलेख राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

७.२ **खरिद कारवाही अभिलेख** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन

प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

७.३ **बार्षिक खरिद योजना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ (१) मा सार्वजनिक निकायले बार्षिक दश लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने खरिदको बार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। साथै त्यस्तो खरिद योजना बनाउदा नियम ७ बमोजिम खरिदको गुरु योजना तयार भएको भए त्यस्तो गुरु योजनाको समेत आधार लिनुपर्ने उल्लेख छ। कार्यालयले यस बर्ष विभिन्न निर्माण आयोजनाहरु सञ्चालन गरेकोमा नियमावलीको उपर्युक्त प्रावधान अनुसार खरिद योजना तयार गरेको पाइएन। यसमा सुधार हुनुपर्दछ।

७.४ **कन्टिन्जेन्सी खर्च** - निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) संग सम्बन्धि अनुसूची-१ मा तोकिए अनुसार वर्क चार्ट स्टाफ २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशतसम्म कन्टिन्जेन्सी लागत अनुमानमा थप गर्न पाउने व्यवस्था छ। कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा र प्रत्येक कार्यक्रम खर्चबाट समेत कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख राख्ने गरेको छैन। यसबाट कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी योजना बनाई कन्टिन्जेन्सी खर्च गर्नुपर्दछ ।

## ८ पेश्की व्यवस्थापन

८.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४९(१) मा विक्रेताबाट सोझै मालसामान खरिद गर्न नसकिने भई त्यस्तो मालसामान खरिद गर्न आफ्नो कार्यालयको कर्मचारीलाई पेश्की दिई पठाउनुपर्ने भएमा अधिकार प्राप्त अधिकारीले कारण खुलाई पेश्की दिन सक्ने व्यवस्था छ। त्यस्तै उपनियम (२) मा मालसामान खरिद गर्न पेश्की रकम बुझिलिने कर्मचारीले मालसामान खरिद गरी कार्यालयमा फर्केको एक्काइस दिन भित्र सो पेश्की रकम फछ्र्यौट गर्न मालसामान सहित विल,भरपाई पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले अधिकांश कार्यहरुमा कर्मचारीहरुलाई पेश्की दिई कार्य गरेकोमा पेश्की दिनुपर्नाको कारण खुलाएको छैन भने मालसामान खरिद गरीसके पश्चात एक्काइस दिन भित्रमा पेश्की समेत फछ्र्यौट गर्ने गरेको पाइएन। नियमावलीको व्यवस्था बमोजिम कारण खुलाई पेश्की दिने र नियमानुसार पेश्की फछ्र्यौट गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

८.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५३(१) बमोजिम पेश्की फछ्र्यौट भए वा नभएको जानकारी दिन र पेस्की फछ्र्यौट समयमा गराउन पेस्कीको सूची तयार गरी आर्थिक प्रशासन शाखा प्रमुखले महिना समाप्त भएको तीन दिन भित्र कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्ने र सूची प्राप्त भएपछि कार्यालय प्रमुखले सोको समिक्षा गरी समयमा नै पेश्की फछ्र्यौट सम्बन्धी कार्य गर्नु पर्ने व्यवस्था छ। कार्यालयले पेश्कीको मासिक फाँटवारी तयार गरी पेश्की बाँकीको विवरण तयार गरेको छैन । यसमा सुधार हुनुपर्दछ।

## ९ सहकारी संस्थाको अनुगमन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ख) मा सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन तथा पालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता अनुमति खारेजी र विगठन लगायतका विषयमा गाउँपालिकाको अधिकारक्षेत्र हुने उल्लेख छ।पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सहकारीहरुको दर्ता, अनुगमन नियमन गरेको पाइएन। सहकारी सदस्यहरुको हित र बचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयोग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमन र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

## १० वित्तीय विवरण

कार्यालयको आय-व्यय विवरण तयार गर्दा नेपाल सार्वजनिक लेखामान प्रणाली बमोजिम आय-व्यय विवरणका साथसाथै लेखा नीति तथा टिप्पणी, प्रमुख लेखा नीति र वित्तिय विवरणहरु तयार तथा स्वीकृती गरी तोकिएको ढाँचामा लेखापरीक्षणमा पेश भएन ।त्यस्तै स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । कार्यालयको आय व्यय सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्;

१०.१ **गत बर्षको जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.५,७२,९५,९६०।१८ मौज्दात रहेकोमा यो वर्ष रु.५,७२,९८,५११।३२ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. २,५५१.१४ बढी जिम्मेवारी सारेको छ। यस सम्बन्धमा एकिन गरी आम्दानी जनाउनुपर्दछ।

१०.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५,३१,३७,६९२। स्थानीय तह प्रशासनिक भवन निर्माण रु.८३,१४,४२०।१४, गरिवसँग विश्वेश्वर कार्यक्रमको रु.४,०५,०००।, एकिकृत स्वास्थ्यय पूर्वाधार विकास कार्यक्रम तर्फको रु.२,२६,१९,०४०।१७ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.६,६०,०००। समेत गरी रु.८,५१,३६,१५२।३१ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

१०.३ **योगदानमा आधारित निवृतिभरण** - २०७६ श्रावण १ पछि स्थायी नियुक्त हुने निजामति सेवाका कर्मचारीहरुका लागि योगदानमूलक निवृत्तभरण योजना लागु भए बमोजिम यस योजनामा सहभागी हुने कर्मचारीको मासिक तलबवाट ६ प्रतिशत कट्टा गरिने र सोही अनुपातमा नेपाल सरकारको योगदान हुने र प्रत्येक ३ बर्षमा निवृत्तभरण रकम १० प्रतिशतका दरले बढीमा ५ पटक सम्म बढ्ने योजना सहित कर्मचारी सञ्चयकोषले सो कोषको व्यवस्थापन गरेको छ। कार्यालयले योगदानमा आधारित निवृत्तिभरणमा सहभागी कर्मचारीहरुको रकम कर्मचारी सञ्चयकोषमा नपठाई कार्यालयको विविध कोष खातामा रु.२,९३,४३२।७६ जम्मा गरी राखेको पाइयो । विविधकोष खातामा जम्मा भएको उक्त रकम कर्मचारी सञ्चयकोषको योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा हुनुपर्दछ।

१०.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातमा देहाय अनुसार हिसाब फरक देखिएको छ। पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गरेको प्रमाण पेश गर्नुपर्दछ।

| खाताको नाम | बैङ्क अनुसार बाँकी | श्रेस्ता अनुसार बाँकी | फरक रकम |
|---|---|---|---|
| सञ्चितकोष खाता | १०८०२१६७।३८ | २५९४१४६७।४४ | |
| चालु खर्च खाता | ६४०२८७०।०४ | ६७५२०८ | |
| पूँजीगत खर्च खाता | १२०६७४४८।७९ | ० | |
| **जम्मा रकम** | **२९२७२४८६।५७** | **२६६१६६७५।४४** | **२६,५५,८११।१३** |

कार्यालयको शुत्र प्रणालीमा असार अन्तिम सम्मको सञ्चितकोषको बैङ्क मौज्दात रु.२,७३,६८,१७८.२९ देखाएकोमा बैङ्क स्टेटमेन्टमा सञ्चितकोष खाता, चालु खर्च खाता र पूँजीगत खर्च खातामा रु.२,९२,७२,४८६।५७ मौज्दात बाँकी रहेको देखिन्छ यस सम्बन्धमा कार्यालयले बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्दछ।

१०.५ **निकासा फिर्ता :-**

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **२७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०.६ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२,१५,९२,८९७।८६ , यस वर्षको प्राप्ति रु.११,९६,१०,१७२।३५,यस वर्षको भुक्तानी रु.८,८५,५१,३६९।४९ र बैङ्क मौज्दात रु.३१,४१,३६७।१८फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

१०.७ संचित कोष खातामा आम्दानी जनाउँदा प्राप्तीको श्रोत सहित आम्दानी जनाउनु पर्नेमा बैंक स्टेटमेन्टको आधारमा आम्दानी जनाउने गरेको छ ।

१०.८ सञ्चित कोष र अन्य खर्च शिर्षकहरुको बैङ्क नगदी किताब कार्यालय प्रमुख तथा लेखा प्रमुखबाट प्रमाणित गर्ने गरेको छैन।

११ **फर्निचर निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीन दिनभित्र निर्माण भए बमोजिमको कार्य उल्लेख गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले निम्न गोश्वारा भौचरबाट निम्न विद्यालयहरुलाई फर्निचर निर्माण गर्न १० क्युविक फिटको दरले काठ खरिद बापत रु.२८०००। भुक्तानी गरेकोमा सो काठबाट कति मात्रामा कुन कुन फर्निचर निर्माण भयो भन्ने विवरण खुलाई कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छैन। खरिद भएको काठबाट निर्माण भएको फर्निचर संख्या खुलाई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ।

| **गोश्वारा भौचर र मिति** | **विद्यालयको नाम** | **रकम** |
|---|---|---|
| ५६-२०८०।९।२४ | श्री बालबालिका प्रा.वि | १४००० |
| ५७-२०८०।९।२४ | श्री सरस्वती आ.वि | १४००० |
| जम्मा | | २८००० |

१२ **कार्यक्रम खर्च**

कार्यक्रम कार्यान्वन पुस्तिका २०८०।८१ बमोजिम आई.ई.एम.आई.एसमा कायम भएका विद्यार्थी संख्याको आधारमा छात्रवृत्ति रकम, विद्यार्थि संख्या र हाजिरीको आधारमा १८० दिन सम्मको दिवा खाजा र विद्यार्थी संख्या, पुस्तक खरिद विल र वितरण भरपाईको आधारमा नि:शुल्क पाठ्यपुस्तक अनुदान भुक्तानी दिने व्यवस्था छ । कार्यालयले यसबर्ष पाठ्यपुस्तक अनुदान रु. १३,21,७१६।, दिवा खाजा रु.२४,९५,९८५। र छात्रवृत्ति अनुदान रु.३,४१,६००। समेत रु.४१,५९,३०१।- निकासा गरेको छ। विद्यालयगत आई.ई.एम.आई.एस अनुसारको विद्यार्थी संख्या र दिवा खाजाको प्रमाणित हाजिरी लेखापरीक्षण समक्ष पेश भएन। यसबाट दिवा खाजा, पाठ्यपुस्तक र छात्रवृत्ति शीर्षकमा भएको खर्चको भिडान गर्न सकिएन। आई.ई.एम.आई.एस अनुसारको विद्यार्थी संख्या र दिवा खाजाको प्रमाणित हाजिरी एकिन गरी खर्च फरफारक गर्नुपर्दछ।

१३ **कर विजक**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१४ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु १० लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । नमुना छनौट विधिबाट परीक्षण गर्दा कार्यालयले यस आर्थिक बर्षमा विभिन्न कार्यालय सामान तथा फर्निचरहरु विभिन्न मितिमा विभिन्न फर्महरुसँग पटक पटक गरी रु २८,७४,२९०।- को सोझै खरिद गरेको देखियो । प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

| **गो.भौ.नं. मिति** | **फर्मको नाम** | **सामानको विवरण** | **रकम** |
|---|---|---|---|
| ६७-२०८०।१०।१४ | ए टु जेड अडर एण्ड सप्लायर्स | एच.पि ल्यापटप ५ वटा | ६५४१५७ |
| १३७-२०८१।२।४ | Xenon computer suppliers | प्रिन्टर र स्क्यानर | ५०००० |
| १४७-२०८१।२।१६ | डि.जी सर्जिकल हब्स प्रा.ली | ल्याव रियाजेन्ट | ९७१३२ |
| १६३-२०८१।२।२४ | चन्चला देवि ट्रेडर्स प्रा.ली | ब्याकोलोडर मर्मत | २०६२८१ |
| १८९-२०८१।३।६ | कार्की छापाखाना तथा हिमाल दर्शन स्टेशनरी | बार्षिक परिक्षा कामि खरिद | २९४८१७ |
| २४३-२०८१।३।२३ | प्रतिशा मेडिसिन डिष्ट्रिव्यूटर्स | १२२ प्रकार औषधि खरिद | ९९४११२ |
| २४७-२०८१।३।२४ | सुसेली सप्लायर्स | कुर्सी खरिद ६५ थान | ९९८९२ |
| २४८-२०८१।३।२४ | गणेश फर्निचर उद्योग | स्टिल र्‍याक, कुर्सी | १९९०९९ |
| २५०-२०८१।३।२४ | आर के घिमिरे ट्रेड एण्ड सप्लायर्स | प्रिन्टर, कुर्सी | १९८८०० |
| २५०।३।२४ | हाम्रो ए टु जेड | भलिबल नेट जाली जर्सी | ८०००० |
| | **जम्मा** | | **२८७४२९०** |

१५ **विज्ञापन तथा सूचना प्रकाशन**

पालिकाले विभिन्न सञ्चार माध्यममा सूचना प्रकासन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूचिमा दर्ता भएका विज्ञापन एजेन्सी, फर्म तथा पत्रपत्रिकाबाट प्रतिस्पर्धा गराई बढी छुट सुविधा दिने फर्मबाट न्यूनतम मूल्यमा सेवा खरिद गर्नुपर्दछ। विज्ञापन तथा सन्देशमुलक सूचना प्रकाशन गर्दा पत्रिकाको कोलुम साइज र सेन्टिमिटरको आधारमा तोकिएको दररेटमा भुक्तानी गर्नुपर्नेमा कार्यालयले गोश्वारा भौचर नम्बर २५-२०८०।६।३० बाट विभिन्न सूचना तथा शुभकामना सन्देश प्रकाशन गरेको भनी फरक फरक पत्रपत्रिका तथा मिडिया प्रा.लीहरुले पेश गरेको विलको आधारमा सूचना प्रकाशनको साइज र दररेट नखुलाई खोटाङ बजार साप्ताहिकलाई एकमुष्ट रु.१,००,०००। भुक्तानी गरेको छ। विभिन्न पत्रिका तथा मिडियाहरुको विल पेश भएको अवस्थामा एक मात्र पत्रिकालाई भुक्तानी दिएको उचित देखिएन। सूचना तथा शुभकामना सन्देश बापतको खर्च भुक्तानी गर्दा कार्यालयले छपाई गर्न दिएको सन्देशको विवरण संलग्न गरी वास्तविक छपाई खर्च मात्र भुक्तानी गर्ने तर्फ ध्यान दिनुपर्दछ।

१६ **अतिरिक्त क्रियाकलाप**

कार्यालयले अतिरिक्त क्रियाकलाप सञ्चालन पूर्व समावेश गरीने विद्याहरु, समावेश गरिएका विद्या सञ्चालन गर्न लाग्ने समय, सोको मूल्याङ्कन, सहभागी हुने विद्यालय र विद्यार्थीहरुको संख्या, लगायतको विवरण तयार गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ। गो.भौ.नं. ५५-२०८०।९।२९ कार्यालयले अतिरिक्त क्रियाकलाप सञ्चालन बापत शिक्षा शाखा प्रमुख कविराज राईको पेश्की फछ्र्यौट र सोधभर्ना भुक्तानी समेत रु.१,५०,०००। खर्च लेखेको छ। कार्यालयले अतिरिक्त क्रियाकलापमा समावेश भएका विद्या, सो विद्या सञ्चालन गर्न लागेको समय, सोको मूल्याङ्कन, सहभागी संख्या लगायतको विवरण वेगर खर्च लेखेको उचित देखिएन। अतिरिक्त क्रियाकलाप सञ्चालन पूर्व समावेश गर्नुपर्ने विद्या, अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको रुचिको क्षेत्र र विद्यालयहरुको मागलाई मध्यनगर गरी कार्यक्रम सञ्चालन हुनुपर्दछ।

१७ **राष्ट्रपति रनिङ सिल प्रतियोगिता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्ने अधिकतम रकम र समय लगायतका विषय संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम १४ बमोजिम लागत अनुमान स्वीकृत गराई कार्य गर्नुपर्ने व्यवस्था छ। गोश्वारा भौचर नं. ७९-२०८०।११।१६ कार्यालयले राष्ट्रपति रनिङ सिल प्रतियोगिता सञ्चालन गर्न सरस्वती माध्यामिक विद्यालयलाई रु.२,००,०००। निकासा गरेको छ। राष्ट्रपति रनिङ सिल प्रतियोगितामा समावेश हुने खेल, सहभागी संख्या, पुरस्कारको व्यवस्था, लगायतको विवरण तयार गरी प्रस्तावनाको आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा कार्यक्रमको लागत अनुमान बेगर विद्यालयलाई सोझै निकासा गरेको उचित देखिएन। कार्यक्रमको औचित्य पुष्ट्याई हुने खर्चसँग सम्बन्धित विल भरपाई, सञ्चालित कार्यक्रम, कार्यक्रममा सहभागी टिम संख्या लगायतको विवरण बेगर भएको यस प्रकारको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

१८ **पूर्ण सरसफाई कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(१) बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पालिकामा विषयगत शाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने उल्लेख छ। कार्यालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण बेगर पूर्ण सरसफाई कार्यक्रममा ५ वडाहरुका लागी १/१ जना राजपत्र अनंकित द्वितीय श्रेणी सरहका ५ जना र गाउँ कार्यपालिका अन्तर्गत १ जना राजपत्राङ्कित तृतिय श्रेणी समेत ६ जना सरसफाई उत्प्रेरकहरु नियुक्त गरी यो बर्ष गाउँपालिका पूँजिगत वित्तीय समानिकरण अनुदानबाट रु.२७,०६,५८७। पारिश्रमिक खर्च लेखेको छ। कार्यालयको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई मूल्याङ्कन नै नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षण र स्वीकृत दरवन्दी बेगरका पदमा कर्मचारी नियुक्त गरी खर्च लेखेको ऐन सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २७,०६,५८७ |

१९ **विद्युत व्यवस्थापन**

सबै नागरीकहरुलाई विद्युत सेवा उपलब्ध गराउने दायित्व नेपाल बिद्युत प्राधिकरणको हो । विद्युत सेवा प्रदान गरे वापत ग्राहकहरुवाट प्राधिकरणले सेवा शुल्क लिने गर्दछ। त्यस्तै बिद्युत, टेलिफोन तथा केवल सेवा प्रदायकहरुले बिद्युत प्राधिकरणको पोल उपयोग गरेवापत सेवा शुल्क समेत लिने गर्दछ । साथै विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्र कार्यालयले लगानी गरेकोमा नागरिकले सेवा प्रयोगमा कुनै छुट तथा थप सुविधा प्राप्त गरेको छैन भने कार्यालयले रोयल्टी समेत प्राप्त गरेको छैन । विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्रको विद्युतीकरण कार्य सम्बन्धित निकायले गर्नुपर्नेमा वडा नं.२ ले लागत अनुमान तयार नगरी रतन्छा विद्युत व्यवस्थापन योजनामा रु.१,२१,०००। खर्च गरेको छ। अन्य निकायको जिम्मेवारी रहेको क्षेत्रमा पालिकाले बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपुर्व सम्बन्धित निकायसँग समन्वय गरेर आवश्यकताको आधारमा मात्र खर्च लेख्नुपर्दछ। गो.भौ.नं.२९-२०८०।७।२२ कार्यालयले रतन्छा विद्युत् व्यवस्थापन अन्तर्गत धर्मराज राईलाई डोर हाजिरीमा लगाई ६३.२१ दिनको दक्ष ज्यामीको दररेट रु.११३९। को दरले रु.७२,०००। भुक्तानी गरेको छ। नाफामुलक संस्थामा कार्यरत कर्मचारीलाई डोर हाजिरीको आधारमा पारिश्रमिक भुक्तानी गरेको उचित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७२,००० |

## २० वितरणमुखी कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिका पुँजीगतबाट रु २६,०३,४६०।- बराबरका विभिन्न सामाग्रीहरु खरिद गरी वितरण गरेको छ। विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ।

| **भौ.नं. मिति** | **सहयोगको विवरण** | **अनुदान रकम** |
|---|---|---|
| ४४-२०८०।९।४ | वडा नं ४ मा मिल वितरण | १००००० |
| ८५-२०८०।११।३० | वडा नं.५ का विद्यालयहरुमा पोशाक वितरण | ६७२३५० |
| २३२-२०८१।३।२१ | वडा नं.१ मा ३ जनालाई २५०० मिटर पाइप वितरण | १००००० |
| २४९-२०८१।३।२४ | वडा नं.१ का ६ विद्यालयहरुका विद्यार्थिहरुलाई सम्मान | ४०००० |
| २५१-२०८१।३।२४ | कृषि बिउ विजन तथा टनेल खरिद | ३५०००० |
| २५४-२०८१।३।२४ | वडा नं.३ मा आलु चिप्स उत्पादन मेसिन वितरण | २००००० |
| २३३।२०८१।३।१८ (संघीय) | पानी फिल्टर २०० थान | ४०००२० |
| २३५।२०८१।३।१८ | वडा नं ४ मा वितरण गर्न तरकारी बिउ खरिद | ९६३०० |
| २८२।२०८१।३।२२ | विद्यालयलाई वितरण गर्न ट्याङ्की १००० लि १५ थान, २० एम एम पाइप ६६०० मिटर | ५४५७९० |
| २८३।२०८१।३।२२ | साबुन, बाल्टी, साबुन केस र धारा सेट | ९९००० |
| | **जम्मा** | **२६०३४६०** |

## २१ दोहोरो भ्रमण

भ्रमण खर्च नियमावली, २०६४ को नियम १८(१) मा भ्रमणमा खटिने कर्मचारीले भ्रमण समाप्त भएपछि भ्रमण समबन्धी विल भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था छ । साथै नियमावली को नियम २३(१) मा कर्मचारीले भ्रमण सम्बन्धी झुटा विवरण पेश गरेको पाइए निजले भुक्तानी लिएको भ्रमण भत्ताको रकम असुल उपर गर्नुपर्ने व्यवस्था छ । नमुना परीक्षण गर्दा देहाय बमोजिमका पदाधिकारी र कर्मचारीको भ्रमण भत्ता भुक्तानी गरेको एकै अवधिमा दोहोरो भत्ता र अघिल्लो आ व को भ्रमण खर्च समेत रु १७७५०।०० भुक्तानी भएको देखियो। यसरी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| गो भौ नं र मिति | कर्मचारी नामथर | भ्रमण अवधी | बढी भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १४०।२०८०।१०।११ | होमनाथ ढकाल | २०८०।१।१० – २०८०।१।१६ | ९२५० | अघिल्लो आ व को भुक्तानी |
| २१९।२०८०।१२।२० | | २०८०।१०।३ – २०८०।१०।९ | | |
| २८७।२०८१।२।२४ | कोपिला मणि ढकाल | २०८०।१०।४ – २०८०।१०।१० | ८५०० | दोहोरो |
| जम्मा | | | १७७५० | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **१५,६४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | १७,७५० |
|---|---|

२२ **दोहोरो भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियम १८(१) मा भ्रमणमा खटिने कर्मचारीले भ्रमण समाप्त भएपछि भ्रमण समबन्धी विल भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था छ । साथै नियमावली को नियम २३(१) मा कर्मचारीले भ्रमण सम्बन्धी झुटा विवरण पेश गरेको पाइए निजले भुक्तानी लिएको भ्रमण भत्ताको रकम असुल उपर गर्नुपर्ने व्यवस्था छ ।नमुना परीक्षण गर्दा देहाय बमोजिमका कर्मचारीको भ्रमण भत्ता भुक्तानी गरेको मितिमै कार्यालयमा भएका विभिन्न वैठकमा उपस्थित भई वैठक भत्ता भुक्तानी लिएको साथै एकै अवधिमा २ भ्रमण आदेशबाट भ्रमण खर्च भुक्तानी भएको देखियो । यसरी दोहोरो हुने गरी भ्रमण आदेश स्वीकृत गराई कार्यालय बाहिर रहेको अवस्थामा समेत बैठक भत्ता खर्च लेखेको रकम निजबाटहरु असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने, रु.

| सि नं | कर्मचारी नामथर | बैठक गो भौ नं र मिति | बैठक उपस्थिति | भ्रमण गो भौ नं र मिति | भ्रमण अवधि | दोहोरो भएको रकम |
|---|---|---|---|---|---|---|
| १ | होमनाथ ढकाल | १९८।२०८०।१२।८ | २०८०।५।७ | १४०।२०८०।१०।११ | २०८०।५।५ – २०८०।५।११ | |
| | | ३८४।२०८१।३।१८ | २०८१।१।६ | | २०८१।१।३ – २०८१।१।९ | |
| | | ४००।२०८१।३।२१ | २०८०।५।१३ | ७०।२०८०।७।२ | २०८०।५।९ – २०८०।५।१६ | ४८०० |
| २ | आनन्द पौडेल | ३२९।२०८१।३।४ | २०८०।८।१२ | २९५।२०८१।२।२४ | २०८०।८।११ – २०८०।८।१७ | ३२०० |
| जम्मा | | | | | | ८००० |

( ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,००० |

२३ **करार कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण बेगर दरबन्दी भन्दा बाहिरको ६ जना कर्मचारी (३ ह स चा र ३ का स) करारमा नियुक्त गरी खर्च लेखेको छ।कार्यालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण गराई अर्थ मन्त्रालयबाट स्वीकृत गराएर मात्र नयाँ दरबन्दी सिर्जना गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२४ **सवारी साधन भाडा**

सवारी साधन भाडाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न व्यक्तिको सवारी साधन भाडामा लिए बापत देहाय अनुसार खर्च भुक्तानी गरेको छ। कार्यालयले सवारी साधन प्रयोग गर्ने पदाधिकारी, सवारी साधन प्रयोग गरेको स्थान, यात्रा गरेको किलोमिटर खुल्ने सवारी लगबुक, सवारी भाडामा लिनुपर्नाको कारण लगायतका खर्च पुष्टि गर्ने प्रमाण कागजात श्रेस्तासाथ संलग्न गरेको छैन। खर्च पुष्ट्याई गर्ने कागजात बेगर भएको यस प्रकारको खर्च अनियमित देखिएको रु.

| गो.भौ.नं./ मिति | भुक्तानीलिनेकोनाम | विवरण | भुक्तानीरकम |
|---|---|---|---|
| ४०८।२०८१।३।२३ | नविन डुम्रे | २०८०।८।५ – २०८०।८।२५ सम्म प्रति दिन रु १००००।- दरले | २१०००० |
| ४४७।२०८१।३।२४ | हरि प्रसाद पराजुली | २०८०।१०।१५ – २०८०।१०।२४ सम्म प्रति दिन रु १००००।- दरले | १००००० |
| ३५-२०८०।७।२४पुँजीगत | नविन डुम्रे | दैनिक रु.८,०००। को दरले २५ दिनको | २००००० |
| **जम्मा** | | | **५१००००** |

| अनियमित भएको | ५,१०,००० |
|---|---|

## २५ सूचना प्रकाशन

गाउँपालिकाले विभिन्न सञ्चार माध्याममा सूचना प्रकासन गर्दा आर्थिक वर्षको सुरुवातमा नै सार्वजनिक खरिद कानून बमोजिम प्रतिस्पर्धा गराउने व्यवस्था गर्नुपर्दछ । पालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन सम्बन्धी कार्य विभिन्न फर्म मार्फत यो वर्ष रु ९,९४,३९४।- भुक्तानी गरेकोमा मिडिया फर्महरु बीच कुनै प्रकारको प्रतिस्पर्धाको व्यवस्था गरेको देखिएन । सूचना प्रकाशन गर्दा फर्म तथा मिडियाहरुबीच प्रतिस्पर्धा गराई न्यून कवोल गर्ने र बढी प्रतिशत छुट दिने मिडिया फर्मसँग सेवा लिने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| गो.भौ.नं/मिति | सेवाप्रदायक | भुक्तानीरकम | छुटलिएकोप्रतिशत |
|---|---|---|---|
| १८३।२०८०।११।१८ | प्रतिबद्धता मिडिया प्रा लि | २०३५०१ | १० |
| १८५।२०८०।११।२१ | प्रतिबद्धता मिडिया प्रा लि | ८५४२८ | १० |
| २६९।२०८१।२।१७ | हलेसी खबर | ३१००० | ० |
| ३०३।२०८१।२।२४ | प्रतिबद्धता मिडिया प्रा लि | १८५८०५ | १० |
| ३०४।२०८१।२।२४ | रुजु पब्लिकेशन प्रा लि | २०३५०१ | १० |
| ४१०।२०८१।३।२३ | सामुदायिक रेडियो हलेसी | ५६५०० | |
| ४११।२०८१।३।२३ | हलेसी खबर पत्रिका | २०००० | |
| ४१२।२०८१।३।२३ | माझखर्क साप्ताहिक | ५०००० | |
| ४१५।२०८१।३।२३ | सञ्चार सदन प्रा लि | १५००० | |
| ४७२।२०८१।३।१ | हलेसी न्यून नेटवर्क प्रा लि | २५०००० | |

## २६ सक्कल विल भरपाई

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई, प्रमाण र कागजात पेश गर्नुपर्ने ब्यबस्था रहेको छ ।देहायका गा.भौ.नं./मितिबाट देहायका आपुर्तकलाई मसलन्द तथा कार्यालय सामाग्री खरिद गरे वातको भुक्तानीमा फोटोकपी विजक संलग्न गरी खर्च गरेको पाईएको हुँदा सक्कल बिल भरपाई पेश हुनु पर्दछ अन्यथा असुल हुनु पर्ने रु.,

| भौ.नं./ मिति | खरिद विवरण | आपुर्तक/सेवाप्रदायक | भुक्तानी रकम |
|---|---|---|---|
| १२५।२०८०।९।२९ | पानी ट्याङ्की तथा अन्य सामाग्री | मनोकामना हार्डवेयर सप्लायर्स र ट्रेडर्स | ४५४२६ |
| ४१२।२०८१।३।२३ | सुचना प्रकाशन | माझखर्क साप्ताहिक | ५०००० |
| ४१५।२०८१।३।२३ | सुचना प्रकाशन | सञ्चार सदन प्रा लि | १५००० |
| ४१६।२०८१।३।२३ | सुचना प्रकाशन | रुङ्गिमा मिडिया प्रा लि | १०००० |
| **जम्मा** | | | ३२३९२७ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **३१,२४०.९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२३,९२७ |

२७ **तलबी प्रतिवेदन**

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ७(२) कार्यालयले तलबी प्रतिवेदन पास नगराई खर्च लेख्न नमिल्ने कुरा उल्लेख छ। विगतका वर्षहरुमा कानूनी अस्पष्टताको कारण तलबी प्रतिवेदन पारित नगराई खर्च लेखेकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति २०७६।०५।१८ को पत्रबाट गाउँपालिकाका कर्मचारी र संघबाट काजमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गराउनु पर्ने स्पष्ट निर्देशन प्राप्त भएकोमा तलबी प्रतिवेदन पारीत बिना नै ग्रेड गरी तलब, ग्रेड भूकानी भएको पाईयो ।यस आर्थिक वर्षमा पालिकाले कर्मचारी पारिश्रमिक बापत रु. १,१७,१८,६९३.३६ खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२८ **पूँजीगतबाट चालु खर्च**

एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालु खर्च गर्न नपाइने उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले यो वर्ष सभाबाट पारित गरी रु १,०४,२६,२२३।– चालु खर्च पालिका पुँजीगत वजेटमा समावेश गरेर वितरणमुखी कार्यक्रमहरुमा खर्च लेखेको देखियो। चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरी वजेट खर्च लेख्ने तथा वितरणमुखी कार्यक्रमहरुमा गरीने खर्चहरुमा सुधार ल्याउनु पर्दछ ।

| गो.भौ.नं. | विवरण | रकम रु |
|---|---|---|
| विभिन्न | पूर्ण सरसफाई कार्यक्रमका कर्मचारीहरुलाई तलब भत्ता | २७०६५८७ |
| विभिन्न | निजी श्रोतका विद्यालय शिक्षकहरुलाई तलब भत्ता | ४२२७६४ |
| ५-२०८०।६।२२ | माध्यामिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई तलब भत्ता | १३५५२२० |
| ६-२०८०।६।२२ | बाल विकास केन्द्रमा कार्यरत शिक्षिकाहरुको तलब | १३७८००० |
| ७-२०८०।६।२४ | विद्यालयहरुमा कार्यरत कार्यालय सहयोगीहरुलाई अनुदान | ११२००० |
| ४८-२०८०।९।१२ | खेलकुद सामाग्री खरिद बापत वडा नं.४ सचिवलाई भुक्तानी | ५०००० |
| ५०-२०८०।९।१२ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम | १००००० |
| ७३-२०८०।११।१० | पुशपंक्षी उपचार औषधि खरिद | २४१०० |
| ७७-२०८०।११।१४ | वडा नं. ३ मा सुत्केरी भेटघाट कार्यक्रम | ३४००० |
| ९९-२०८०।१२।७ | २८ विद्यालयलाई गा.पा अनुदान | २०७९१०० |
| २०७-२०८०।३।१५ | २८ विद्यालयहरुलाई चौथो किस्ता अनुदान | १९६४४५२ |
| २३२-२०८१।३।२१ | वडा नं.१ मा २५०० पाइप खरिद गरी वितरण | १००००० |
| २३३-२०८१।३।२१ | प्राविधिकलाई अनुगमन भत्ता | ६०००० |
| २३४-२०८१।३।२१ | प्राविधकहरुको बैठक व्यवस्थापन | ४०००० |
| **जम्मा** | | **१,०४,२६,२२३** |

## २९ प्रोत्साहन खर्च

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । तर पालिकाले सभाको निर्णयबाट १८ जना कर्मचारीलाई प्रोत्साहन भत्ता भुक्तानी गरी रु ९,९७,७५०।– खर्च लेखेको पाइयो। स्थानीय तहले न्युन आन्तरिक आय भएको अवस्थामा समेत कानून नबनाई यो बर्ष आन्तरिक स्रोतबाट प्रोत्साहन भत्ता खर्च गरेको नियमसम्मत नभएकाले पालिकाले कानून बनाई मापदण्ड र सूचकका आधारमा मात्र प्रोत्साहन भत्ता प्रदान गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

## ३० सामाजिक सुरक्षा वितरण शिविर

सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को दफा २१ मा स्थानीय तहले ऐनको दफा १७ को उपदफा ३ बमोजिम नेपाल सरकारबाट नेपाल राजपत्रमा मिति २०७७।७।२४ मा प्रकाशित अनुसूची ९ बमोजिमको सूचना अनुसार बैंक मार्फत सामाजिक सुरक्षा भुक्तानी गर्नुपर्ने व्यवस्था छ।साथै सोही कार्षविधिको दफा २५(२) मा नब्बे वर्ष वा सो भन्दा बढी उमेरका लाभग्राहीलाई सहज रुपमा भत्ता प्राप्त गर्ने सुनिश्चितता गर्न स्थानीय तहले बैंकसंग समन्वय गरी शाखारहित बैंकिङ, भुक्तानी केन्द्र तथा नगद भुक्तानी सेवा प्रदान गर्न सक्ने उल्लेख छ। पालिकाले लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न शिविर सञ्चालन गरेको र देहाय बमोजिम खर्च लेखेको पाइयो। यसरी खर्च लेख्दा के कति लाभग्राही कुन कुन वडामा भत्ता वितरण भएको हो सो यकिन हुने गरी प्रतिवेदन पेश नभएकाले कार्यालयले तोकिएका लाभग्राहीले शिविरबाट सेवा लिए नलिएको यकिन गरेर मात्र खर्च लेख्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| गो भौ नं र मिति | विवरण | खर्च रकम |
|---|---|---|
| १०३।२०८०।१२।१४ | भत्ता वितरण शिविर सञ्चालन | ३००००० |
| १७।२०८०।६।२८ | भत्ता नविकरण शिविर सञ्चालन | १४०००० |
| २६८।२०८१२।१७ | भत्ता वितारण शिविर | १५०००० |
| **जम्मा** | | **५,९०,०००** |

३१ **पदाधिकारी सुविधा**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ को उपनियम ४ क १२ मा वडा अध्यक्षको काम कर्तव्य र अधिकार अन्तर्गत सात दिन भन्दा बढी समय वडामा अनुपस्थित हुने भएमा दैनिक प्रशासनिक तथा सिफारिस सम्बन्धी कार्य गर्न सम्बन्धित वडा समिति को कुनै सदस्यलाई जिम्मेवार तोकी सोको जानकारी अध्यक्ष वा प्रमुखलाई दिनुपर्ने उल्लेख गरिएको छ । गाउँपालिको वडा नं ०४ का वडाध्यक्ष श्री अर्जुन कुमार कटवालले पारिवारिक विशेष काजको कारण केही समय बाहिर जानुपर्ने भएकाले केही दिनको लागि वडा कार्यालयको कार्यवाहकक अध्यक्षको कामकाजको जिम्मेवारी वडा सदस्य श्री अमिता खड्का परिवारलाई वडा कार्यालयको चं नं २०७ मिति २०८०।१०।१९ को पत्रानुसार जिम्मेवारी दिएको छ । गाउँपालिकाका अध्यक्ष ज्यू ले दिएको जानकारी अनुसार हालसम्म पनि निज वडा अध्यक्ष आफ्नो कार्यक्षेत्रमा नरहनु भएको जानकारी प्राप्त भएको छ ।निज वडाध्यक्ष आफ्नो वडाको दैनिक कामकाज नगर्नु भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा वडाअध्यक्ष ले आफ्नो काम कर्तव्य र अधिकार अन्य सदस्यलाई कार्यवाहक दिए पश्चात निजले कानूनमा तोकिएको सेवा सुविधा लिन नमिल्ने स्पष्ट व्यवस्था समेत नरहेको देखियो निज वडाअध्यक्ष मिति २०८०। १०।१९ देखि आफ्नो कार्यक्षेत्र भन्दा बाहिर रहेता पनि निजकव सेवासुविधा वापत रु १२२९६५।- खर्च लेखेको छ । निज आफ्नो कार्यक्षेत्रमा नरहेको अवस्थामा भुक्तानी भएको रकम पाउने या नपाउने सम्बन्धमा सम्बन्धित निकायबाट निर्णय हुनु पर्ने देखिन्छ ।

३२ **उपभोक्ता समितिबाट कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने लगायतका व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्ः

३२.१ **उपभोक्ता समिति दर्ता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

३२.२ **उपभोक्ता समितिको श्रेस्ता अनुगमन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानूनबमोजिम कारबाही हुने व्यवस्था छ।उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन।उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन।उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेकोसमेत देखिएन। उपभोक्ता समितिले लेखा नराख्ने, पालिकाबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार

लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ ।

३२.३ **उपभोक्ता समिति मार्फत खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम श्रममूलक र रोजगारी सृजना हुने किसिमका निर्माण कार्य उपभोक्ता समितीवाट गराउन सक्ने प्रावधान रहेको छ । उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजनाहरुमा आवश्यक पर्ने पाईप तथा फिटिङ्स सामग्रीहरु र खेलकुद सामाग्रीहरु योजनागत लागत बनाई प्रतिस्पर्धात्मक तवरले कार्यालयले खरिद गरी उपलव्ध गराउने र निर्माण कार्य उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गर्नुपर्दछ। भौ.नं. ८४-२०८०।११।३० डाँडागाउँ जनजाति मुल समितिले रु.१,००,०००। को टोपी दौरा सुरूवाल लगायतका पोशाक खरिद गरेको भनी भुक्तानी गरेको छ। कार्यालयले खरिद कार्य समेत उपभोक्ता समिति मार्फत गराई उपभोक्ता समितिले नै सिधै सप्लायर्स मार्फत खरिद गरेकोले खरिद प्रतिस्पर्धि तथा मितव्ययी देखिएन। विना प्रतिस्पर्धा उपभोक्ता समिति मार्फत खरिद भएको यस प्रकारको खरिदमा नियन्त्रण हुनुपर्दछ।

३२.४ **अभिलेख** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद र जिन्सीसमेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पदसमेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने उल्लेख छ । उपरोक्त अनुसारको प्रावधान पूरा गर्दा निर्माण पश्चात कुनै त्रुटि देखिएमा सम्बन्धित व्यक्तिलाई जिम्मेवारी बनाउन सकिन्छ । तसर्थ उपभोक्ता समितिबाट भएका कार्यको नियमले तोकेको प्रकृया पूरा गरी अभिलेख राख्नु पर्दछ ।

३२.५ **अग्रिम कर** –

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **१४,७९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३२.६ **साप्सुखोला मसानघाट पार्टि निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, वील, भरपाई, र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिसँग सम्झौता हुँदा सोही व्यहोरा उल्लेख गरी सम्झौता गर्ने गरिएको छ। शहरी विकास मन्त्रालयबाट स्वीकृत नर्म्स अनुसार पि.सि.सी. (१:२:४) कार्यमा प्रति घनमिटर ६.४ बोरा र पि.सि.सी. (१:१.५:३) कार्यमा प्रति घनमिटर ८ बोरा सिमेन्ट लाग्ने देखिन्छ। कार्यालयले पि.सि.सी. (१:२:४) कार्यमा प्रति घनमिटर ५ बोरा सिमेन्ट लाग्ने गरी 3.76 घनमिटर र पि.सि.सी. (१:१.५:३) कार्यमा ५.४ बोरा सिमेन्ट लाग्ने गरी ३.२५ घनमिटर निर्माण कार्य गरेको छ। गोश्वारा भौचर नं. १२७-२०८१।१।२७ साथ संलग्न वील अनुसार उपभोक्ता समितिले रु.८९३ (भ्याट समेत) को दरले विवेक मर्चेन्टाइज एण्ड कन्सल्ट प्रा.लीबाट ६० बोरा सिमेन्ट खरिद गरेको देखिन्छ। कार्यालयले सिमेन्टको भ्याट सहित रु.१०२५।– मूल्य कायम गरी दर विश्लेषण गरेकोमा घटि मूल्यमा सिमेन्ट खरिद भएको र नर्म्स भन्दा घटी मात्रामा सिमेन्ट प्रयोग हुने गरी दर विश्लेषण गरेकोले निर्मित संरचनाको गुणस्तर सम्बन्धमा स्पष्ट हुनुपर्दछ।

३२.७ **दर विश्लेषण** कार्यालयले उपभोक्ता समिति मार्फत हुने कार्यहरुको लागि भुक्तानी दर विश्लेषण गरेको छ। कार्ययिलले तयार गरी स्वीकृत गरेको दर विश्लेषण र भुक्तानी विल भिडान गर्दा निम्न योजनाहरुको निम्न कार्यहरुमा निर्धारित दर भन्दा बढी दर राखी भुक्तानी गरेको पाइयो। स्वीकृत दररेट भन्दा बढी दरमा भुक्तानी भएको उक्त रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| गो.भौ.नं. मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी दर | स्वीकृत दर | फरक दर | कार्य परिमाण | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| १४२-२०८१।२।९ | घडेरी व्यवस्थापन समिति | **Backfilling behind retaining wall** | ५९४.३ | ५४९.३ | ४५ | १५० | ६७५० |
| २३०-२०८१।३।२१ | श्री सिद्देश्वरी मा.वि | **Earthwork excavation** | १००.४९ | ९७.२५ | ३.२४ | ४०३२ | १३०६४ |
|  |  | **Dismalting of existing structure** | १५९६.२३ | १५५५.७३ | ४०.५ | १७१.७२ | ६९५५ |
|  |  | **जम्मा** |  |  |  |  | **२६७६९** |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **५,८५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | २६,७६९ |
|---|---|

३२.८ **पाइप घटी जडान :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उपनियम १ को खण्ड ख बमोजिम प्राविधिक नापजाँच पश्चात नापि किताबमा भएको वास्तविक कार्यसम्पादन परिमाणका आधारमा मात्र खर्च तथा भुक्तानी लेख्न मिल्ने व्यवस्था रहेको छ । नमुना छनौट गरी निम्न योजनाहरुको नापि लुज सिट परीक्षण गर्दा निम्न योजनाहरुमा विभिन्न दररेट र साइजका ८८५० मीटर पाइप रु.६२४९४७। मा खरिद गरेको छ। नापी किताब अनुसार सो पाइप योजनाहरुमा जडान भएको नदेखिएकोले खरिद भएका पाइपहरु सम्बन्धित योजनामा जडान भएको प्रमाण पेश हुनु पर्ने रु.

| गो.भौ.नं. मिति | योजनाको नाम | खरिद मिटर | खरिद दर | भुक्तानी रकम |
|---|---|---|---|---|
| ७८-२०८०।११।१६ | खोकमा खानेपानी मर्मत | १७०० | ३१.७ | ४९००० |
| १४३-२०८१।२।९ | साविक वडा नं८ तथा पुङ्गा खा.पा योजना | ११००मि(२२३.२के.जी) | ३६०।४७ | ८०४५७ |
| १६९-२०८१।२।३१ | लमिनीधारा खा.पा योजना | ४५०मि(१३९.५ केजी | ३६०।४७ | ४९००० |
| १९२-२०८१।३।६ | गैरी खानेपानी योजना | ११०० मि.(१४७.४ के.जी | ३६०।४७ | ४९००० |
| २०४-२०८१।३।१३ | मुनाम्ता खानेपानी निर्माण | १४०० मि.(३९०.७ के.जी | ३६०।४७ | १४०७९९ |
| २३१-२०८१।३।२१ | भालुखोप खानेपानी उ.स | १३००(४३९.४ के.जी | ३६०।४७ | १५८३९१ |
| २४४-२०८१।३।२३ | बोफूङ् चुम्लुङ खा.पा | १८०० मि.(२७२.७के.जी) | ३६०।४७ | ९८३०० |
| **जम्मा** |  |  |  | **६२४९४७** |

| प्रमाण पेश नगरेको | ६,२४,९४७ |
|---|---|

३३ **जिन्सी दाखिला र हस्तान्तरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वि नियमावली, २०७७ को नियम ९५(१) बमोझिम कार्यालय प्रमुखले आफ्नो कार्यालयबाट खरिद गरेका सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गराउनुपर्ने उल्लेख छ। कार्यालयले निम्नानुसारका संस्था तथा विद्यालयहरुबाट खरिद भएका निम्नानुसारका जिन्सी मालसामानहरुको खर्च भुक्तानी गरेकोमा सो सामाग्रीहरु महालेखा नियन्त्रक कार्यालयबाट जारी भएको पाम्स् सफ्टवेयरमा दाखिला भएको छैन। विद्युत्तीय जिन्सी प्रणालीमा सामान दाखिला नगर्ने कर्मचारीलाई जिम्मेवार बनाई खरिद भएका मालसामानहरुको स्पेशिफिकेशन खुलाई जिन्सी आम्दानी गरेको प्रमाण पेश हुनुपर्ने रु.

| गो.भौ.नं. मिति | सामान खरिद गर्ने संस्था तथा व्यक्ती | खरिद गरेको सामग्री | रकम |
|---|---|---|---|
| ८-२०८०।६।२२ | स्वास्थ्य चौकी खिदिमा | २ थान व्याकअप व्याट्री र १ थान रेफ्रिजेरेटर | ११६००० |
| ५६-२०८०।९।२४ | बालबालिका प्रा.वि | घुम्ने कुर्सी २ थान | ३६००० |
| ५७-२०८०।९।२४ | सरस्वती आ.वि | घुम्ने कुर्सी २ थान | ३६००० |
| २३६-२०८१।३।२१ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | इन्भटर खरिद | १९९०० |
| २०६-२०८१।३।१३ | स्वास्थ्य संस्थाहरुमा मसलन्द व्यवस्थापन बापत कुमारी देउजा सहित ४ जनालाई सो.भ | फोटोकपि पेपर, पेन लगायतका मसलन्द सामाग्री | ६८८८० |
| **जम्मा** | | | **२७६७८०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७६,७८० |

३४ **जिन्सी दाखिला**

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **५२८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३५ **अनुगमन तथा बैठक भत्ता**

कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्वन्धि निर्देर्शिका,२०७९ बैठक भत्ता मापदण्डको बुदा नं. (३) बमोजिम नियमित कार्यको लागि बैठक भत्ता प्रदान नगर्ने तथा कार्यालय परिसर भित्र बैठक बस्दा उक्त कार्यालयका बैठकमा सहभागी हुने सदस्यको विद्युतीय हाजिरी समेत संलग्न गर्नुपर्ने र एउटै निकाय र अन्तर्गतका पदाधिकारी र कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने उल्लेख छ । त्यस्तै बुदा ३(ङ) बमोजिम कार्य प्रकृति अनुसार मितव्ययी ढङ्गले न्यूनतम संख्यामा बैठक बसी कार्य सम्पन्न गर्नुपर्ने उल्लेख छ । गो.भौ.नं. २३३-२०८१।३।२१ कार्यालयले प्राविधिक अनुगमन खर्च भनी पशुशाखा प्रमुख सुदिप विश्वकर्मालाई गाउँपालिका पूँजीगतबाट रु.६०,०००। र गो.भौ.नं. २३४-२०८१।३।२१ बाट प्राविधिक कर्मचारीहरुको बैठक भत्ता रु.४०,०००। भुक्तानी गरेको छ। गाउँपालिका चालु तर्फका विभिन्न गोश्वारा भौचरहरुबाट भ्रमण भत्ता भुक्तानी गरेको अवस्थामा अनुगमन खर्च तथा नियमित पदले गर्नुपर्ने कामहरुमा समेत बैठक बसी भत्ता लेखेको उचित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

३६ **छात्रवृत्ति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। गो.भौ.नं.२१३-२०८१।३।१८ कार्यालयले उत्कृष्ट विद्यालय पुरस्कार तथा विद्यालय व्यवस्थापन समिति अध्यक्ष साथै कक्षा ८ मा उच्च अंक ल्याउने विद्यार्थीलाई पुरस्कार तथा छात्रवृति प्रदान शिर्षकमा विनियोजन भएको बजेटबाट रु.९,००,०००। साकेला माध्यामिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने गरी सो विद्यालयलाई निकासा गरेको छ। एक मात्र विद्यालयलाई छात्रवृत्ति निकासा गरेको सम्बन्धमा शिक्षा शाखा प्रमुखसँग जानकारी माग गर्दा प्रत्येक वडाका २ जना विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने मौखिक सहमतिको आधारमा विद्यालयलाई निकासा दिएको जानकारी प्राप्त भयो। कार्यालयले छात्रवृत्ति कार्यक्रम कार्यान्वयन गर्दा अन्य विद्यालय समेत छनौट गर्नुपर्नेमा सो नगरी एउटै विद्यालयलाई छनौट गर्नुको आधार पेश गरेको छैन भने विद्यालयले समेत छात्रवृत्ति छनोटको आधार, छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नाम र छात्रवृत्ति रकम सहितको विवरण पालिकालाई उपलव्ध गराएको देखिएन। उत्कृष्ट विद्यार्थीलाई छात्रवृति प्रदान गर्दा विद्यार्थीको आर्थिक र सामाजिक अवस्था, अध्ययन तर्फको लगनशिलता, विद्यालयमा नियमित हाजिरीको अवस्था लगायतका विषयहरुलाई आधार बनाई पालिका भित्रका सम्पूर्ण

विद्यालयहरु सहभागी हुन सक्ने गरी छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्नुपर्नेमा सो नगरी विद्यालयबाट छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको आधार, नामावली र रकम निश्चित नगरी एक मात्र विद्यालयलाई भुक्तानी भएकोले अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,००,००० |

३७ **चिया बगैचा हेरचाह**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(६) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। गो.भौ.नं.२११-२०८१।३।१७ कार्यालयले वडा नं.३ मा रहेको चिया बगैचा हेरचाह गर्न २ जना कामदारहरुलाई ज्यालादारीमा नियुक्त गरी दैनिक रु.८००। को दरले रु.१,४८,४९३। खर्च लेखेको छ। चिया बगैचाको क्षेत्रफल, विरुवा संख्या, चिया उत्पादन, बजारिकरण, चिया बगैचाबाट प्राप्त प्रतिफल लगायतको विषयहरु निक्यौल नगरी कामदार मात्र नियुक्ति गरी खर्च लेखेको उचित देखिएन। चिया बगैचाबाट प्राप्त हुन सक्ने प्रतिफललाई मूल्याङ्कन गरी खर्चलाई व्यवस्थित गर्नुपर्दछ।

३८ **तोरी खेती तथा मिल प्रवर्द्धन**

पालिकाले तोरी खेती तथा मिल प्रवर्दन कार्यक्रम सञ्चालन गर्नुपुर्व कृषकहरुबाट माग संकलन गरी प्रस्तावित मागको आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ। पालिकाले कृषकहरुको माग विश्लेषण, सूचना प्रकाशन, आवेदन संकलन, लाभग्राही छनौट लगायतका प्रक्रिया पुरा नगरी गो.भौ.नं.१७१-२०८१।३।२ बाट रु.४,८०,०००। मा तोरी पेल्ने मेसिन खरिद गरी जन विकास बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेडलाई भुक्तानी गरेको छ। मिलको दिर्घकालिन प्रवर्द्धन, सञ्चालन मोडल, सेवा शुल्क, व्यवसायलाई निरन्तरता लगायतका विषयहरु समावेश गरी उपभोक्ता समितिलाई कबुलियतनामा गराउनुपर्नेमा सो गरेको छैन। पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा समय समयमा अनुगमन गर्ने तथा सोबाट प्राप्त उपलव्धी मापन गर्ने गरेको पाइएन। साथै पालिकाले अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम श्रममूलक र रोजगारी सृजना हुने किसिमका निर्माण कार्य उपभोक्ता समितीवाट गराउन सक्ने प्रावधान रहेकोमा विना प्रतिस्पर्धा उपभोक्ता समिति मार्फत भएको यस प्रकारको खरिद अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,८०,००० |

३९ **लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रु **१,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४० **बिषादीको प्रयोग**

पालिकाले कृषि कार्यक्रम सञ्चालन गर्नुपुर्व कृषकहरुबाट माग संकलन गरी प्रस्तावित मागको आधारमा खेतियोग्य जमिनको यथार्थ विवरण, बालीमा लागेको रोगको पहिचान, प्रयोग गरीने बिषादीको दिर्घकालिन असर लगायतका विषयहरुलाई मध्यनगर गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। गो.भौ.नं. १३-२०८०।६।२६ बाट कार्यालयले बेन्जोइड लगायत ६ प्रकारका ३३५० थान विषादीहरु रु.२,८०,०४० मा सफल एग्रो ट्रेडर्सबाट खरिद गरी कृषकहरुलाई वितरण गरेको छ। रोग लागेको बाली र क्षेत्रफल, आवश्यक विषादीको मात्रा, विषादीको दीर्घकालिन असर, विषादी प्रयोगको तरिका, अपनाउनुपर्ने साबधानी लगायतका विषयहरुलाई निक्यौल नै नगरी विषादी खरिद गरी वितरण गरेको उचित देखिएन। माग र आवश्यकताको विश्लेषण गरी आवश्यकताको आधारमा मात्र विषादी खरिद तथा प्रयोग गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

४१ **नन्फाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यववसायी महादेवस्थान निर्माण सेवा (पान नम्बर ३००१०५६७६) लाई मूल्य अभिवृद्धि कर रु.८२८१९। समेत रु.७,१९,८८९। भुक्तानी दिएकोमा उक्त निर्माण व्यवसायी २०८०।T।२ देखी कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। ऐन अनुसार कर समायोजनको प्रमाण पेश हुनुपर्ने अन्यथा मूल्य अभिवृद्धिकर बापत भुक्तानी भएको रकम असूल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८२,८१९ |

४२ **खेलकुद कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। कार्यालयले पालिका अन्तर्गत सञ्चालित खेलकुद कार्यक्रम, अन्तरपालिकामा सञ्चालित खेलकुद कार्यक्रम तथा जिल्ला स्तरिय खेलकुद कार्यक्रम सञ्चालन बापत रु ८११५३६।- खर्च लेखेको छ। खेलकुदसँग सम्बन्धित विल भरपाई परिक्षण गर्दा खेलाडी संख्या भन्दा पाँच गुणा बढी सम्म खाना तथा खाजा खर्च लेखेको पाइयो। गाउँपालिकाले खेलकुद समिति गठन गरी पालिका भित्रका टिम, क्लबहरुलाई दर्ता गर्ने र दर्तावाल टिम तथा क्लबहरुमा सहभागि खेलाडी संख्या, कोच तथा सोसंग सम्बन्धित आवश्यक पदाधिकारीहरुको संख्या निर्धारण गरी आवश्यक खर्चलाई व्यवस्थित गर्ने नर्म्स तयार गरी खर्च गर्नुपर्दछ।

| गो.भौ.नं. मिति | उपभोक्ता समितिको नाम तथा कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|
| ४८ – २०८०।९।१२ | वडा सचिव, सुवास राई | ५०००० |
| ५१- २०८०।९।१८ | हरिकुमार श्रेष्ठ | ३५००० |
| ५९- २०८०।९।२७ | गणेश कटवाल | २०००० |
| १२६ – २०८१।१।२५ | राष्ट्रपति रनिङ सिल जिल्लाइस्तरीय - ईश्वर धन राई | २७४६७० |
| २७८- २०८१।३।३१ | नारायण राई | ५०००० |
| १५९ – २०८१।२।२३ | सरस्वती माध्यमिक विद्यालय | ७८,७८६ |
| २४२ – २०८१।३।२३ | नेपाल खेलकुद प्रतिष्ठान खोटाङ | ५०००० |
| २५० – २०८१।३।२४ | नमी राई | ८०००० |
| २१२ – २०८१।३।१७ | चन्द्र किरण पुन | ९८०८० |
| २८० – २०८१।३।३१ | बिक्रम खत्री | ७५००० |
| **जम्मा** | | **८११५३६** |

४३ **व्यक्तिगत भुक्तानी**

सरकारी कारोवार निर्देशिका, २०७६ को दफा नं.५.१६.२ मा नेपाल सरकारबाट A/C Payee चेक मार्फत हुने भुक्तानी चेकको सट्टा सम्वन्धित व्यक्ति, फर्म वा संस्थाको बैंक खातामा सोझै जम्मा हुने गरी भुक्तानी गर्नुपर्ने व्यवस्थf छ। नमुना छनौट गरी परीक्षण गर्दा निम्न खरिद कार्य तथा उपभोक्ता समितिहरुले सम्पन्न गरेको कार्यको भुक्तानीमा सम्बन्धित उपभोक्ता समिति वा आपूर्तिकर्ताको बैङ्क खातामा भुक्तानी नगरी व्यक्तिगत खातामा भुक्तानी गरेको पाइयो। कार्यसँग सम्वन्धित आर्तिकर्ता वा उपभोक्ता समितिको बैंक खातामा रकम जम्मा नगरी व्यक्तिगत खातामा भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

| गोश्वारा भौचर र मिति | कार्य सम्झौता भएको उ.स | भुक्तानी पाउने व्यक्ती | रकम |
|---|---|---|---|
| ७८-२०८०।११।१६ | खोकमा खानेपानी मुहान मर्मत | झान बहादुर राई | ४९००० |
| १०२-२०८०।१२।१३ | जुनेपानी खबरबारी खा.पा.यो | अध्यक्ष गिता राई | ९८००० |
| १२४-२०८१।१।२३ | लिम्दैगैरा खानेपानी व्यवस्थापन | कोषाध्यक्ष आशा राई | ४९००० |
| १२८-२०८१।१।३० | वडा नं.२ जोरधारा खा.पा चेङ्जिङ रुम निर्माण | अध्यक्ष लक्ष्मी माया राई | ९८००० |
| १८७-२०८१।३।५ | किरात राई यायोक्खा | अध्यक्ष चुनु राई | ५०००० |
| २१७-२०८१।३।१८ | प्रजातन्त्र आ.वि घेराबार | अध्यक्ष सुशिल राई | ९८००० |
| २२३-२०८१।३।२० | पिचाकु खापा मर्मत | सचिव उमेश परियार | ९८००० |
| २७।२०८०।६।२८ | बसन्त होटल एण्ड लज | बुद्धिबोल राई | २७४४०० |
| २८।२०८०।६।२८ | साकेला सप्लायर्स | जग बहादुर श्रेष्ठ | ८६८७० |
| ५७।२०८०।६।३० | सुनिता होटल | सुनिता राई | २२८०० |
| १२३।२०८०।९।२९ | एम के फ्युल सेन्टर प्रा लि | छिरिङ शेर्पा | १२२००० |
| २६३।२०८१।२।९ | साकेला सप्लायर्स | जग बहादुर श्रेष्ठ | १२३९०० |
| ४०९।२०८१।३।२३ | सोनम होटल एण्ड लज | किसन घिमिरे | ४५००० |
| ४५।२०८१।८।२६ पुँजीगत | उपभोक्ता समितिलाई भुक्तानी नगरी व्यक्तिगत नाममा भुक्तानी | मुकेश बस्नेत | ५७१५० |
| **जम्मा** | | | **१२७२१२०** |

४४ **भेटेनरी औषधि खरिद**

पालिकाले खरिद गरेका वा हस्तान्तरण भई आएका जिन्सी सामानहरुलाई सामानको प्रकृति अनुसार खर्च भएर जाने र खर्च भएर नजाने जिन्सी खातामा अलग अलग प्रविष्ट गर्नुपर्दछ। कार्यालयले गोश्वारा भौचर नं.१४-२०८०।६।२६ बाट पशुपंक्षी उपचारको लागि औषधि व्यवस्थापन शीर्षकबाट रु.५,७५,३६९। बराबरको भेटेनरी औषधि खरिद गरी नविनतम् भेट्स प्रा.लीलाई भुक्तानी गरेको छ। कार्यालयले खरिद आदेश बमोजिम खरिद भएका औषधिहरु दाखिला गरी एकै मितिमा एकै माग फारामबाट सम्पूर्ण परिमाण खर्च भएको जनाएको छ। यसबाट माग र आवश्यकता बमोजिम औषधि खरिद भई प्रभावकारी उपयोग भएको छ भनी आश्वस्त हुन सकिएन।

४५ **महिलासँग उपाध्यक्ष कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) बमोजिम पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङकन योजना तयार गरी कार्य गर्नुपर्ने उल्लेख छ। साथै पालिकाले राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। गो.भौ.नं.२२१-२०८१।३।१० महिलासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गर्न कार्यालयले पि.डि.के घिमिरे ट्रेड एण्ड सप्लायर्सबाट ८ थान कम्बाइन मिल रु.५५०००। को दरले रु.४,४०,०००। र प्लाष्टिक कुर्सी ३०० थान रु.१२०० को दरले रु.३,६०,०००। मा खरिद गरी रु.७,९९,९२१। भुक्तानी गरेको छ। सामाग्री खरिद गर्नुपर्व माग संकलन गरी प्रस्तावित मागको आधारमा लाभग्राहीहरुको छनौट गरेर उपर्युक्त खरिद विधि मार्फत आवश्यकताको आधारमा खरिद गर्नुपर्नेमा सो नगरेको कारण खरिद भएका सामग्रीहरु वितरण नभई भण्डारणमा रहेको पाइयो। खरिद भएका सामाग्री प्राप्त गर्ने लाभग्राहीहरु छनौट नै नगरी सामाग्री खरिद गरी भण्डारणमा राखेको ऐन सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,९९,९२१ |

४६ **स्वास्थ्यतर्फ**

४६.१ **औषधी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४, को ८५(१क) मा वीस लाख सम्मको औषधी जन्य माल सामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्रि मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष पालिका अन्तर्गत स्वास्थ्य संस्थामा खपत हुने औषधी खरिद गरेकोमा देहायका आपुर्तिकर्ताबाट राष्ट्रिय स्तरको बिक्रि मुल्यमा खरिद गरेको तर सो आपूर्तिकर्ता उत्पादक कम्पनीको आधिकारिक बिक्रेता भए नभएको प्रमाण पेश भएको छैन । कानूनले तोकेको प्रकृया वेगर खरिद गरिएको औषधी तोकिएको गुणस्तर आश्वस्त हुने तथा मितव्ययी माध्यामबाट प्रतिस्प्रर्धात्मक हिसावमा खरिद भएको आधार देखिएन ।तसर्थ पालिकाले ऐनको प्रावधानको पालना गरी सार्वजनिक श्रोतको सदुपयोगिता यकिन हुने गरी मात्र खर्च गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| **गो.भौ.नं.** | **आपुर्तिकर्ता** | **रकम रु.** |
|---|---|---|
| ४२।२०८०।१०।४ | अजम्बरी फर्मास्युटिकल्स | ९९९०९५.२० |
| २४३।२०८१।३।२३ | प्रनिशा मेडिसिन डिष्ट्रीब्यूटर्स | ९९४११२.०० |
| **जम्मा** | | **१९९३२०७.२०** |

४६.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१(१) अनुसार जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नुपर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुर्याई लेखा तयार गरी अद्यावधिक राख्नुपर्ने र नियमावली २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।लिकाले देहाय बमोजिम विभिन्न गो भौ नं र मितिमा विभिन्न सामाग्री वितरण गर्न भनी खरिद गरी आपूर्तिकर्तालाई भुकतानी दिई खर्च लेखेको तर सम्बन्धितलाई वितरण गरेको भरवाई प्रमाण संलग्न नगरेकाले सो पेश हुनुपर्ने रु

| **गो भौ नं र मिति** | **कार्यक्रम** | **आपुर्तिकर्ता** | **खरिद विवरण** | **खर्च रकम** |
|---|---|---|---|---|
| ३०४।२०८१।३।२४ | तरकारी खेती प्रवर्द्धन कार्यक्रम | हाम्रो ए टु जेड अर्डर एण्ड सप्लायर्स | प्लाष्टिक टनेल १२० थान, मिनी टिलर २ थान र स्प्रेयर ५ थान | ९७५००० |
| | | | | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **५४९,९९८.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,७५,००० |

४६.३ **गाउँघर क्लिनिक सुपरभिजन :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी

रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत देखिएका व्यहोरा निम्नानुसार छन ।

४७.१ यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा नहर निर्माण, सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका ५ वटा कार्यक्रम सञ्चालन गरी ६९ जनालाई र औषतमा ९९ दिन मात्र रोजगारी उपलव्ध गराई श्रमिक ज्यालामा रु. ४७,६०,६४०।- खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वियन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नु पर्नेमा सो वेगर देहायका वडाहरुमा उल्लेखित योजनाहरु सम्पन्न गरेको जनाएको छ । वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम केन्द्रित हुनु पर्दछ ।

४७.२ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

४७.३ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विषेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यिवन गरेको नपाईएकोले तत्सम्वन्धमा सुधार हुनुपर्दछ ।

४७.४ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा ८२ मा बजेट व्यवस्था र खर्च प्रणाली बारे व्यवस्था गरेको छ।सोही निर्देशिकाको दफा ८३ मा कार्यक्रममा विनियोजित बजेट पारिश्रमिक तथा व्यवस्थापनमा मात्र खर्च गर्नुपर्ने उल्लेख छ।तर पालिकाले वडा कार्यालय घडेरी देखि स्वास्थ्य चौकी जोड्ने गोरेटो बाटो निर्माण योजना अन्तर्गत खर्च लेख्दा सामाग्री समेतको दररेट जोडेर लागत अनुमान तयार गरेको र गो भौ नं २९४ मिति २०८१।३।२३ मार्फत भुक्तानी खर्च लेख्दा कार्य सम्पन्नको बराबर रु ५९२९८६।- रकम संघिय कार्यक्रमबाट भुक्तानी भएको पाइयो। कार्यक्रम बमोजिम ज्याला खर्च रु ३०६८६५।– मात्र भुक्तानी गर्नुपर्नेमा सामाग्रीको लागत रु २८६१२१।– बढी खर्च लेखेकोले पालिकाले संघिय कोष खातामा फिर्ता पठाएको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८६,१२१ |

४८ **प्रकोप व्यवस्थापन कोष**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् अथवा प्रकोप व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी सोही ऐनको दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् / प्रकोप व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । तर पालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको पाइएन।पालिकाले समिति निर्णय बेगर अध्यक्ष तथा उपाध्यक्षको तोक आदेशमा राहत वितरण

गरेको देखियो। पालिकाले गो भौ नं ३ मिति २०८१।३।२१ मा खोटाङ एग्रो ट्रेड एण्ड सप्लायर्स बाट ३४ थान टनेल प्लाष्टिक खरिद गरेको रु ६४२५।– का दरले जम्मा रु २४६८४८ खर्च लेखेको तर १० थान मात्र वितरण भएको र बाँकी २४ थान मौज्दात रहेको पाइयो। यसरी कार्यविधि तथा समिति बेगर खर्च लेख्दा कोषको उपयोगिता बारे यकिन गर्न नसकिने हुँदा पालिकाले विपद व्यवस्थापन समिति गठन गरी ऐनको व्यवस्था बमोजिम खर्च लेख्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४९ **आन्तरिक आयतर्फ**

४९.१ **राजश्व अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन२०७६ को दफा २७(५) मा राजस्वको लगत तथा लेखा राखे, हिसाब भिडान गर्ने, वित्तीय विवरणतयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ ।कार्यालयले छपाई गरेका नगदी रसिदहरु रसिद नियन्त्रण खातामा अभिलेख राखी सोही आधारमा आम्दानी र खर्चको विवरण राखी रसिद ठेलीहरु प्रयोग गर्नुपर्नेमा सोको अभिलेख पालिकामा राखेको पाईएन । रसिद नियन्त्रण खाता व्यवस्थित रुपमा नराखेको कारणले पालिकाबाट वडाहरुमा पठाईएका नगदी रसिदहरु कति प्रयोग भयो र कति बाँकि छन् सोको विवरण पेश हुन नआएकोले आम्दानी र खर्च भएको रसिदहरु एकिन गर्न सकिएन। साथै कतिपय वडाहरुमा रसिदठेलीहरुको रसिदहरु पनि नभेटिएको साथै प्रयोग भएका रसिद केरमेट गरेको, कार्यालय कपिमा कार्बन कपी हुनुपर्नेमा सक्कल हस्तलिखित गरेको कारणले सेवाग्राहीलाई दिइने रसिद र कार्यालयमा रेहको रसिदबाट के कति राजश्व संकलन भएको हो सोको एकिन गर्न सकिएन। अतः यस सम्बन्धमा पालिकाबाट राजश्व रकम एकिन गरी दाखिला गर्न छुट भएको भए सम्बन्धित व्यक्तिबाट असुल गरी राजश्व नियन्त्रण खाताको व्यवस्थित अभिलेख राख्नेतर्फ जोड दिनु पर्दछ ।

४९.२ **राजश्व दाखिला :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७,२८ र नियमावली २०७७ को नियम ५८(४) बमोजिम बुझिएको राजश्वको दाखिला र लेखा दैनिक राख्नु पर्ने व्यवस्गा रहेको छ । साथै ऐनको दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यावस्था छ। गाउँपालिका अन्तर्गत ०५ वटा वडाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन ।नियमानुसार तोकिएको समयभित्रै प्राप्त गरेको आन्तरिक राजश्व रकम बैक दाखिला गर्न पालिकाअन्तर्गत रहेको सबै वडा कार्यालयहरुले विशेष ध्यान दिनुपर्दछ । पालिकाले संकलन गरेको राजश्व तोकिएको समयमा दाखिला नगरी ढिला दाखिला गरेकाले प्रचलित कानुन बमोजिम निम्न जिम्मेवार व्यक्तिहरुलाई १० प्रतिशत जरिवाना समेत रु १२०६।७ असुल गर्नेपर्ने रु

| जिम्मेवार व्यक्तीको नाम र पद | रसिद नं | संकलित राजश्व | संकलन मिति | दाखिला मिति र रकम | ढिला समय | १० प्रतिशत सहित जरिवान |
|---|---|---|---|---|---|---|
| होमनाथ ढकाल | २०५१-२०३६ | ६८८५ | २०८१।०३। २९ | ५७८८ कम दाखिला १०९७ असुल हुनुपर्ने | | १२०६.७ |
| **जम्मा** | | | | | | **१२०६।७** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **१,७७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **१,७५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२०६.७ |

## ५० शिक्षातर्फ देखिएका व्यहोराहरु

५०.१ कार्यालयले विद्यालयमा निकासा हुने रकमको स्पष्ट विवरण खुल्ने गरी विद्यालयगत निकासा रजिष्ट्रर राख्नुपर्नेमा राखेको छैन। विद्यालयहरुको लागि वास्तविक रुपमा निकासा हुनुपर्ने रकम र भुक्तानीको यथार्थ विवरण खुल्ने गरी विवरण अद्यावधिक गर्नुपर्दछ।

५०.२ स्थानीय तहले निजी विद्यालयहरुको अनुगमन गरी निर्देशिकाले तोके अनुसार अध्ययन शुल्क निर्धारण गर्नुपर्नेमा अनुगमन गरी सो अनुसारको कार्य गरेको छैन।

५०.३ **शिक्षक दरवन्दी** – शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदाँ नं.३ क बमोजिम शिक्षा नियमावली, २०५९ अनुसार कायम भएको शिक्षक विद्यार्थी अनुपात र नियमावलीको अनुसुची-१२ बमोजिम विद्यालयमा रहनुपर्ने दरबन्दी तथा शिक्षक विद्यार्थी अनुपातको आधारमा स्थानीय तहमा शिक्षकको मौजुदा अवस्था र आवश्यकताको पहिचान गरी शिक्षक दरबन्दी मिलान गर्ने र कार्यविधीको बुदाँ नं. १२ अनुसार मन्त्रालय तथा प्रदेशले गरेको दरबन्दी मिलानमा स्थानीय तहले सहजिकरण गर्ने उल्लेख छ । पालिकाले आफु मातहत रहेका मौजुदा विद्यालयहरुमा आवश्यक दरबन्दी पुनरावलोकन सम्बन्धमा कुनै पहल गरेको छैन। पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा तोकिएको मापदण्ड अनुरुप शिक्षक पदपुर्ति गराई नियमित पठन पाठन गराउनुपर्दछ।

५०.४ **शिक्षक अनुदान** – शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१, केन्द्रको च.नं. १८९ मिति २०७६।११।१२ को पत्र र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार शिक्षक दरबन्दी अद्यावधिक गरी विद्यालयहरुमा कार्यरत दरबन्दी भित्रका तथा राहत र प्राविधिक धार तर्फ कार्यरत शिक्षक तथा प्रशिक्षकहरुलाइ विद्यालयहरुबाट प्राप्त माग फाराम रुजु गरी पारिश्रमिक भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिका भित्र दरबन्दी, अस्थायी दरबन्दी र राहत दरबन्दीमा कार्यरत २८ विद्यालयका शिक्षकहरुलाई केन्द्रिय सःशर्त अनुदान शीर्षकबाट शिक्षक तलब भत्तामा र८,६४,३२,४३०।६६ खर्च लेखेकोमा पालिका भित्रका २८ विद्यालयहरुमा पालिका श्रोतबाटनै व्यहोर्ने गरी निजी श्रोतका शिक्षकहरुको रु.८७,०२,३३६। पारिश्रमिक खर्च लेखेको छ । विद्यालयहरुमा शिक्षकको माग र आवश्यकताको पहिचान, शिक्षक विद्यार्थी अनुपात र शिक्षक दरबन्दी मिलान लगायतका विषयहरुलाई विचारनै नगरी पालिकाबाट निजी श्रोतका शिक्षकहरुलाई पारिश्रमिक खर्च लेखेको उचित देखिएन। शिक्षक विद्यार्थी अनुपातको आधारमा आवश्यक पर्ने भए मात्र प्रतिस्पर्धात्मक तवरले शिक्षक छनौट गरी शैक्षिक गुणस्तर अभिबृद्धि हुने आश्वस्तता गरेर मात्र शिक्षक नियुक्ति गर्नुपर्दछ।

५०.५ **शिक्षक विद्यार्थि अनुपात** – शिक्षा नियमावली, २०५९ को नियम १४५ सँग सम्बन्धित अनुसूची-२१(४) को बुदाँ नम्बर २ बमोजिम पहाडमा १ शिक्षक बराबर ४० विद्यार्थी रहने गरी शिक्षक विद्यार्थिको अनुपात निर्धारण गरेको छ। नियमावलीको अनुसुची ३(ठ) अनुसार पुर्व प्राथमिक विद्यालयका लागि २ जना, प्राथमिक १-५ विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तिमा दुई जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तिमा तीन जना, निम्न माध्यमिक विद्यालयमा चार जना र माध्यमिक विद्यालयको लागि पाँच शिक्षक रहने व्यवस्था रहेको छ। पालिकाले नियमावलीमा व्यवस्था भए बमोजिम शिक्षक विद्यार्थी अनुपातको आधारमा विद्यालय गाभ्ने तथा दरबन्दी पुनरावलोकन गरी विद्यालयहरुमा नियमित पठनपाठनको व्यवस्था मिलाउनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक विद्यार्थि अनुपात विवरण माग भएकोमा सोको विवरण प्राप्त भएन। यसबाट शिक्षक विद्यार्थी अनुपात विश्लेषण गर्न सकिएन।

५०.६ **बढी निकासा** - शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यक भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । नमुना छनौट गरी ८ विद्यालयहरुको मागफाराम र निकासा भिडान गर्दा कार्यालयले निम्न विद्यालयहरुको दोश्रो त्रैमासिक, तेश्रो त्रैमासिक र चौथो त्रैमासिक तलब भत्ता निकासा गर्दा मागफारममा उल्लेख भए भन्दा बढी रकम निकासा गरेको पाइयो। कार्यालयले अन्य विद्यालयहरुको सम्बन्धमा माग र निकासा एकिन गरी बढी भुक्तानी असुल हुनपर्ने रु.

| गोश्वारा भौचर र मिति | विद्यालयको नाम | निकासा रकम | मागफाराम रकम | फरक | कैफियत |
|---|---|---|---|---|---|
| २३-२०८०।९।८ | जनजागृति आ.वि | ४८२४४० | ४४१९४४ | ४०४९६ | दोश्रो त्रैमासिक |
| ८३-२०८०।१२।७ | सिद्धेश्वरी मा.वि | १३७३७४३ | १३२००६९ | ५३६७४ | तेश्रो त्रैमासिक |
| २१५-२०८१।३।१४ | राधाकृष्ण मा.वि | १६६८३४४ | १५८१५६१ | ८६७८३ | चौथो त्रैमासिक |
| | साकेला मा.वि | २४६११७२ | २४३३१०५ | २८०६७ | चौथो त्रैमासिक |
| **जम्मा** | | | | **२०९०२०** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०९,०२० |

५०.७ **इन्टरनेट व्यवस्थापन अनुदान-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को २.८.५ क्रियाकलाप नम्बर २.७.१३.१० को उपक्रियाकलाप नम्बर ५.५ अनुसार सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्ने सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने प्रयोजनले प्रति विद्यालय बार्षिक रु.१२,०००। उपलब्ध गराउने उल्लेख छ। गो.भौ.नं.२८०-२०८१।३।२२ कार्यालयले २८ विद्यालयहरुमा इन्टरनेट जडान बापत रु.१२०००। को दरले रु.३,३६,०००। भुक्तानी गरेकोमा सम्बन्धित विद्यालयहरुले इन्टरनेट सेवा जडान गरी शुल्क भुक्तानी गरेको प्रमाण पेश गरेका छैनन्। इन्टरनेट शुल्क बापत निकासा प्राप्त गरेका विद्यालयहरुले शुल्क भुक्तानी गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३६,००० |

५०.८ **परिक्षा व्यवस्थापन खर्च-** कार्यक्रम कार्यावयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नम्बर २.८.१५ अनुसार कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवम् विद्यार्थी मूल्याङ्कन बापत प्रति विद्यार्थी बार्षिक रु.२७५। खर्च लेख्न मिल्ने देखिन्छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार कक्षा ८ मा २२० जना विद्यार्थि रहेको पाइयो। कार्यालयले परीक्षा व्यवस्थापन बापत २२० विद्यार्थिको रु.२७५। को दरले रु.६०,५००। मात्र खर्च लेख्नुपर्नेमा गो.भौ.नं.१७३-२०८१।३।३ बाट रु.८८०००।, २४१-२०८१।३।२२ बाट रु.१९,०००। र संघिय हस्तान्तरीत कार्यक्रमबाट रु.३८,५८८।समेत रु.१,४५,५८८। खर्च गरेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोके भन्दा रु.८५,०८८। बढी खर्च भएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८५,०८८ |

५०.९ **सेनेटरी प्याड खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्ने अधिकतम रकम, आवश्यक संख्या र समय लगायतका विषय संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम १४ बमोजिम लागत अनुमान स्वीकृत गराई कार्य गर्नुपर्ने उल्लेख छ। गोश्वारा भौचर नं.२८४-२०८१।३।२२ कार्यालयले ओसन सर्जिकल ट्रेड कन्सर्न प्रा.लीबाट ५२०० प्याड सोझै खरिद गरी रु.४,९९,४६०। भुक्तानी गरेको छ। सेनेटरी प्याड खरिद गर्नुपुर्व कक्षा ६ देखी १२ सम्मका छात्रा संख्या, प्रति छात्रा प्रति महिना आवश्यक पर्ने प्याड संख्या, विद्यालयहरुमा रहेको प्याड मौज्दात लगायतका विषयहरुलाई आधार बनाई लागत अनुमान तयार गर्नुपर्नेमा लागत अनुमान तयार नै नगरी सोझै खरिद गरी विद्यालयहरुलाई वितरण गरेको उचित देखिएन। विद्यालयहरुबाट माग संकलन गरी आवश्यकताको आधारमा खरिद गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

५०.१० **छुट तलब** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। कार्यालयले निम्न विद्यालयहरुलाई छुट तलबभत्ता बापत

रु २४१६०२३.८ निकासा गरेकोमा सोसँग सम्बन्धित मागफाराम श्रेस्तासाथ संलग्न गरेको छैन। त्रैमासिक रुपमा तलब भत्ता निकासा भएको अवस्थामा छुट भएको स्पष्ट प्रमाण बेगर भुक्तानी भएको यस प्रकारको खर्चको प्रमाण पेश हुनुपर्ने रु

| गोश्वारा भौचर र मिति | विद्यालयको नाम | रकम | कैफियत |
|---|---|---|---|
| ६-२०८०।६।२४ | पञ्चकन्या आ.वि | १८५१०३ | |
| २३-२०८०।९।८ | सरस्वती मा.वि | २२३०९२०।८ | दोश्रो त्रैमासिक |
| | **जम्मा** | **२४१६०२३।८०** | |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **६३७,४१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **१८,८७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१४,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **३,६२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **३५१,६७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **४८४,१७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,१६,०२३.८ |

५०.११(१३८-२०८१-२-४):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा करार शिक्षक छनौटका लागि पुस्तक खरिद गर्न मिल्ने देखिदैन। कार्यालयले करार शिक्षक छनौटको लागि भनी माध्यामिकस्तरका पुस्तक खरिद गरे बापत शिक्षा शाखा प्रमुख कविराज राईलाई रु.३०,०००। भुक्तानी गरेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था भए भन्दा विपरित शिक्षक छनौटको लागि पुस्तक खरिद भनी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

५०.१२ **प्राविधिक शिक्षा अनुदान** – कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को २.८.२, क्रियाकलाप नम्बर २.७.१३.५० को उपक्रियाकलाप नम्बर २.६(ख) बमोजिम प्राविधिक धार अन्तर्गत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यावहारिक अभ्यास गर्न व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३ बमोजिम कक्षा १० पछिको ३ महिना, कक्षा ११ पछिको ३ महिना र कक्षा १२ पछि ६ महिनाको व्यवहारिक अभ्यास वा कक्षा १२ पछि १२ महिनाको व्यावहारिक अभ्यास गराउने कार्यका लागि व्यावहारिक अभ्यास OJT मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना प्रति विद्यार्थी रु.१०००। सम्बन्धित विद्यार्थिको बैङ्क खातामा उपलव्ध गराउने उल्लेख छ। साथै कार्यक्रम कार्यान्वयन पुस्तिकाको अनुसूची ११ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुको नामावली समावेश छ। गोश्वारा भौचर नं. ९०-२०८०।१२।१३ कार्यालयले सि.टि.भि.टी को मापदण्ड बमोजिम सामुदायिक विद्यालयमा

प्राविधिक शिक्षा सञ्चालन अनुदान भनी साकेला माध्यामिक विद्यालयलाई रु.७,००,०००। अनुदान दिएको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम सि.टि.भि.टीको मापदण्ड अनुसार सञ्चालित विद्यालयलाई अनुदान दिन मिल्ने देखिदैन भने सो पुस्तिकाको अनुसूची ११ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुको नामावलीमा समेत सो विद्यालय नभएकोले भुक्तानी दिन मिल्ने आधार पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,००,००० |

५०.१३ **चाम्लिङ भाषा पठनपाठन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) ४ बमोजिम पालिकाले मातृभाषामा शिक्षा दिने विद्यालयलाई अनुमति दिने अनुगमन र नियमन गर्न सक्ने अधिकार प्रदान गरेको छ। गो.भौ.नं.१००-२०८०।१२।८ कार्यालयले चाम्लिङ भाषामा पठनपाठन गर्ने गरी साकेला माध्यामिक विद्यालयलाई रु.२,५०,०००। निकासा दिएकोमा मातृभाषामा शिक्षा दिने अनुमति प्रदान गरेको छैन भने सोको प्रभावकारीता सम्बन्धमा अनुगमन तथा नियमन गरेको देखिएन। मातृभाषामा शिक्षा प्रदान गर्ने अनुमति, श्रोत व्यक्तिको व्यवस्थापन र पालिकाबाट समय समयमा अनुगमन तथा नियमन विना भुक्तानी भएको यस प्रकारको खर्च अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,५०,००० |

## ५१ अपांगता रोकथाम तथा पुन:स्थापना कार्यक्रम सञ्चालन

५१.१ स्थापना कार्यक्रम सञ्चालन: कोशी प्रदेश सामाजिक विकास मन्त्रालयबाट स्विकृत बजेट तथा कार्यक्रम अनुसार अपांगता रोकथाम तथा पुन:स्थापना कार्यक्रम सञ्चालनको लागि साकेला गाउँपालिका, प्रदेश सरकार र करुणा फाउण्डेशन नेपालको बराबर लागतमा सञ्चालन हुने गरी गाउँपालिका र करुणा फाउण्डेशन विच २०८०।१०।२ मा भएको सम्झौता अनुसार यो कार्यक्रम २०८०।१०।१ देखि शुरु भई २०८३ पौष मसान्त सम्म रहने गरि यस कार्यक्रमको कुल लागत रु.७८२९३६६।– रहेको छ । यस बर्ष निकासा भएको रु.१५८४६२२।– मध्ये रु.१२५७०२६।– खर्च भएको छ ।सञ्चालित कार्यक्रमबाट लाभग्राही समुह लाभान्वित भए नभएको र कार्यक्रमको उपादेयता सम्बन्धमा पालिकाबाट नियमित अनुगमन गरिनु पर्दछ ।

५१.२ **विउपूँजी :** अपांगता रोकथाम तथा पुन:स्थापना कार्यक्रम सञ्चालनको लागि साकेला अपांग सेवा समाजलाई विउ पूँजि कोष वापत रु.२५००००।– समाजको खातामा रकम पठाएको छ । उक्त कार्यक्रम सञ्चालनको लागि कार्यविधि बनाएको पाईएन । पालिकाले उक्त कोष सञ्चालनको लागि आवस्यक कार्यविधि तयार गरेर मात्र खर्च गर्नु पर्दछ ।

## ५२ धरौटी फिर्ता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ को उपनियम २ बमोजिम अन्तिम भुक्तानी दिँदा निर्माण कार्यको हकमा त्रुटि सच्याउने अवधि समाप्त भएपछि कार्यसम्पादन जमानत र नियम १२३ उपनियम (४) बमोजिम कट्टा गरिएको रिटेन्सन मनी रकमको पचास प्रतिशत रकम फिर्ता गर्नुपर्ने र रिटेन्सन मनीको बाँकी पचास प्रतिशत रकम सम्बन्धित आपूर्तिकला निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धि आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था छ। देहायको व्यवसायीको धरौटी फिर्ता गर्दा कर समायोजनको पत्र विना कार्यसम्पादन जमानतका आधारमा रु ७,४२,०५३।- धरौटी फिर्ता गरेको तर सो कार्यसम्पादन जमानतका म्याद सकिएको देखियो । यसरी फिर्ता गरेको धरौटी रकमको कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु.

| गो भौ न / मिति | फर्म वा निर्माण व्यवसायको नाम | भुक्तानी रकम रु |
|---|---|---|
| २,२०८०।०६।२३ | पोखरी कस्ट्रक्सन संगिता राई | २१४२२५ |
| ५,२०८०।०७।२४ | यम वुद्ध विल्डर्स | २०९१९७ |
| ८,२०८०।०९।२३ | लाईट विल्डर्स प्रा लि | ३१८६३१ |
| **जम्मा** | | **७४२०५३** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,४२,०५३ |

५३ **सामाजिक सुरक्षा भत्ता वितरण तर्फ देखिएका व्यहोरा**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु. ५२७१४६७२ रकम प्राप्त भएकोमा सोही रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् :-

५३.१ **लाभग्राहीको अभिलेखः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं १० मा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची –३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्याबधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयम राख्नु पर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सामाजिक सूरक्षा भत्ता बैंङ्कमार्फत बितरण गरेतापनि कार्यबिधिले उल्लेख गरेअनुसारको लाभग्राहीको फोटो सहितको मूल अभिलेख राखेको देखिएन जसले गर्दा एउटै नाम भएको व्यक्तिको नाममा भत्ता भुक्तानी भएकोमा पनि भत्ता पाउने व्यक्ति को हो भनेर यकिन गर्न सकिएन यसतर्फ गाउँपालिकाले उक्त मूल अभिलेख अद्याबधिक गरेर मात्र भुक्तानी गर्नु पर्ने देखिन्छ ।

५३.२ **निष्कृय खाताको विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २३(५) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्चीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । उल्लेखित व्यवस्था अनुसार पालिका र कारोवार गर्ने बैंक बिच तोकिएको समयमा समन्वय नभएको हुदा लगत कट्टा भएका व्यक्तीको भत्ता पनि निकासा भएकाले बैंक र पालिका बिच उचित समन्वयमा जोड दिनुपर्ने देखिन्छ ।

५३.३ **पारदर्शिता :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(३) बमोजिम पारदर्शिता प्रवर्द्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भए पनि गाउँपालिकाले आफ्नो वेभसाइटमा राखेको देखिएन । अतः गाउँपालिकाले कार्यबिधिको पालना गर्नु पर्दछ ।

५४ **सामाजिक सुरक्षा कार्यक्रम**

५४.१ **लगत कट्टा बिबरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ ।गाउँपालिकाले समयमा निर्णय ,अनुगमन रनिरीक्षण गरिएको पाईएन साथै धेरै लाभग्राहीको लगतकट्टा एकै मितिमा भएको सम्बन्धमा आश्वस्त हुन सकिएन । गाउँपालिकाले तोकिएको समयमा लगतकट्टा गर्ने तर्फ ध्यान दिन जरुरी छ ।

५४.२ **अनुगमन तथा निरीक्षणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई,प्रदेश सरकारको मन्त्रालय तथा गाउँ कार्यपालिकाका अध्यक्ष वा गाउँ कार्यपालिकाका अध्यक्ष वा स्थानिय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएता पनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन । अत कार्यबिधिको पालना हुनुपर्दछ ।

५५ **प्रशासनिक भवन निर्माण : [ ठे. नं. ०२।०७८।७९]**

गाउँपालिकाले साकेला वडा नं.४ मानेभञ्याङमा ८१८३.२२९ बर्ग मिटर क्षेत्रफल जगामा ५८०.३४ बर्ग मिटर भवनको क्षेत्रफल रहेको गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि रु.९१३९६१६६।३५।– को लागत अनुमान तयार गरी सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी मल्लरानी।सजिव जेभी दिक्तेलसँग मिति २०८०।९।२० भित्र निर्माण कार्य सक्ने गरी २०७९।३।२० मा रु.७६२३५१५२।७६ को सम्झौता गरेकोमा उक्त अवधिमा निर्माण कार्य सम्पन्न हुन नसकि दोस्रो पटक मिति २०८१।९।२० सम्म म्याद थप गरेकोमा उक्त अवधिमा समेत निर्माण सम्पन्न हुन सक्ने अबस्था छैन ।हालसम्म उक्त निर्माण व्याबसायिलाई पाँचौ रनिङ विलसम्म रु.५२१५५९३०।९० भुक्तानी भएको छ ।यस सम्बन्धि अन्य व्यहोरा निम्न छन्

**नापि बेगर भुक्तानी :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव [मेजरमेन्ट बुक] मा उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले भौ.नं. ४७।०८०।९।११ बाट भवन निर्माण वापत निर्माण व्यावसायीलाई चौथो रनिङ विल वापत रु. ५५९१५६५।५२ भुक्तानी खर्च लेखेकोमा नापी कितावमा कार्य सम्पन्न भएको नदेखिएको तर ठेक्का विलको विल अफ क्वान्टीटीमा बढी परिमाण राखि देहाय बमोजिम रु.१५२५५०।- बढी भुक्तानी खर्च लेखेको निर्माण व्यावसायीबाट अशुल हुनु पर्ने रु.

| सि.नं. | विओक्यू आईटम नं. र कामको विवरण | नापि किताबमा भएको परिमाण | भुक्तानी परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | Civil works : Earth work Excavation in foundation hard soil | ० | ७०० घनमी | १५० | १०५००० |
| २ | Compaction of filled earth by 8-10 MT. roller in 20/20 | 0 | २०० घन मी | १५० | ३०००० |
| | **जम्मा** | | | | १३५००० |
| | | | १३ % मु.अ.कर | | १७५५० |
| | **जम्मा** | | | | १५२५५०।- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५२,५५० |

५६ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु ६,५५,२००।- बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु १,४२,२००।- फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

| सि नं | पेश्की लिनेको नाम | म्याद नाघेको पेश्की रकम | म्याद ननाघेको पेश्की |
|---|---|---|---|
| १ | कमल प्रसाद फुयल | ३३,६०० | |
| २ | निर्मला शंकर | ३०,८०० | |
| ३ | सुस्मिता रायमाझी राई | २७,८०० | |
| ४ | मायुमी कन्स्ट्रक्सन प्रा.ली. | | ५,१३,००० |
| ७ | अन्जु खत्री बस्नेत | ५०,००० | |
| | **जम्मा** | **१,४२,२००** | **५,१३,०००** |

| | |
|---|---|
| पेश्की | १,४२,२०० |

५७ **५ शैया अस्पताल निर्माण [ ठे. नं. ०१।०७७।७८]**

गाउँपालिकाले साकेला वडा नं.२ रतम्छामा ४८०५.०१२ बर्ग मिटर क्षेत्रफल जग्गामा ४६१.१० बर्ग मिटर भवनको क्षेत्रफल रहेको ५ शैयाको अस्पताल निर्माणको लागि रु.७११९८०००।– को लागत अनुमान तयार गरी सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी खानी निर्माण सेवा प्रा.लि.काठमाडौसँग मिति २०७९।९।१२ भित्र निर्माण कार्य सक्ने गरी २०७८।३।२१ मा रु.६७६७६४५५।५२ को सम्झौता गरेकोमा उक्त अवधिमा निर्माण कार्य सम्पन्न हुन नसकि पटक पटक गरेर पछिल्लो चौथो पटक मिति २०८१।६।२० सम्म म्याद थप गरेकोमा उक्त अवधिमा समेत निर्माण सम्पन्न हुन सक्ने अबस्था छैन ।हालसम्म उक्त निर्माण व्याबसायिलाई चौथो रनिङ विलसम्म रु.५८६२८७५६।२५ भुक्तानी भएको छ ।यस सम्बन्धि अन्य व्यहोरा निम्न छन्

५७.१ **बढी भुक्तानी** : भौ.नं १।०८१।२।३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख) मा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ।पालिकाले BOQ को आईटम नं . १५ को Stone soiling in foundation and floor को नापि किताब बमोजिम १२८.४६ घन मिटरको मात्र भुक्तानी दिनु पर्नेमा १४०.०२ घन मिटरको भुक्तानी भएकोले ११.५७ घन मीटरको प्रति घन मिटर रु.४९५०।– ले रु. ५७२७१।५०।– बढी भुक्तानी भएकोले बढी भुक्तानी भएकोले निर्माण व्याबसायीबाट अशुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,२७१.५ |

५७.२ **विजक बेगर भुक्तानी :** - भौ.नं १।०८१।२।३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा भुक्तानी खर्च लेख्दा खर्च पुष्ट्याई हुने विल भर्पाई सहितको कागजात संलग्न गर्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले उक्त निर्माणको लागि निर्माण व्याबसायी लाई देहाय बमोजिम पि.एस. आईटम वापत रु. ५४२०५१।- भुक्तानी गरेकोमा उक्त आईटमको छुट्टै विल पेश हुनु पर्ने अन्यथा निर्माण व्यावसायीबाट अशुल हुनु पर्ने रु.

| **सि.नं.** | **विवरण** | **भुक्तानी** |
|---|---|---|
| **१** | **ल्या**बटेष्ट | ४२०५१ |
| **२** | **Construction of septic tank and soakpit** | ४००००० |
| **३** | **Filting item for water supply** | १००००० |
| | **जम्मा** | **५४२०५१।-** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,४२,०५१ |

५८ **संघीय विशेश अनुदान**

५८.१ **ठोस फोहोरमैला बर्गिकरण क्षेत्र निर्माण :** गाउपालिकाले साकेला-३ डाँडेमा करिव २० रोपनी जग्गामा १०१७४.७६ बर्ग मीटर क्षेत्रफलमामा फोहोरमैला व्यबस्थापन अन्तर्गत Sakela Wastage Sorting site Construction Project निर्माणको लागि डि.पि.आर. अनुसार उक्त निर्माण कार्यको लागि रु.४६४०५३२२।१६ लागत आवस्यक पर्ने देखिन्छ । उक्त आयोजनामा site development, excess road, retaining wall, gardering, dumping structure, main entrance gate solid waste sorting machine chamber, staff quarter, public toilet लगायतका संरचना निर्माण गर्ने डि.पि.आर. मा उल्लेख गरेको छ ।उक्त आयोजनाको निर्माण लागत संघीय सरकारको विशेश अनुदानबाट व्यहोर्ने भनिएता पनि स्रोत सुनिश्चितता भएको देखिएन ।यस बर्ष पालिकाले उक्त योजनाको Clearing and grubbing road land, roadway and ground Excavation , gabin wall लगायतका निर्माण कार्यको लागि रु.४८१२१०२।३२ को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्वारा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यावसायी मायुमी कन्ष्ट्रक्शन प्रा.लि. काठमाडौंसंग मिति २०८१।३।२० भित्र निर्माण कार्य सक्ने गरी २०८१।२।१६ मा रु.३२०८६३०।४५ को निर्माण सम्झौता गरी रु.३१८५३४२।३७ मा निर्माण सम्पन्न गरेको छ । यस आयोजना सम्पन्न गर्नको लागि रु.४६४०५३२२।– लागत लाग्ने र स्रोतको सुनिश्चितता नहुँदा आर्थिक बर्ष २०८१।८२ मा संघीय सरकारबाट बजेट विनियोजन भएको देखिएन । बजेट विनियोजन नहुँदा बनेको संरचना अलपत्र हुने र लगानी खेर जाने सम्भावना रहन्छ ।पालिकाले ठुलो लागत आवस्यक पर्ने आयोजना सञ्चालन गर्दा स्रोतको सुनिश्चित गरेर मात्र निर्माण कार्य शुरु गर्नु पर्दछ ।

५८.२ **डस्टविन खरिद वितरण :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ मा जिन्सी सामानको आम्दानी दाखिला तथा त्यसको संरक्षण गरी जिन्सि अभिलेख अद्यावधिक राख्नु पर्ने व्यबस्था रहेको छ ।पालिकाले नकुहिने फोहोरको दिगो व्यबस्थापन कार्यक्रमको लागि भनि विभिन्न वडामा फलामको स्ट्याण्ड निर्माण सहित १३३ थान डस्टविन खरिद वापत साकेला ग्रिल उद्योगलाई रु.९७८०१५।– भुक्तानी गरेको छ । त्यसैगरी १०० थान डस्टविन खरिद वापत क्रिटिभ ट्रेड एण्ड सप्लायर्स प्रा.लि. काठमाडौंलाई रु.९९१०१०।– समेत रु.१९६९०२५।– भुक्तानी खर्च भएको छ ।खरिद गरिएका डस्टविनहरुको अभिलेख राख्नु पर्नेमा राखेको पाईएन ।यस सम्बन्धमा पालिकासँग छलफल हुँदा खरिद गरिएका डस्टविनहरु र डस्टविन स्टेण्डहरु वडाका विभिन्न स्थानमा राखिएको भनाई रहेको पाईयो ।खरिद तथा जडान गरिएका डस्टविन स्टेण्ड सहि स्थानमा जडान गरे नगरेको र खर्चको सहि सदुपयोग भए नभएको सम्बन्धमा पालिकाबाट नियमित अनुगमन हुनुपर्दछ ।

५९ **कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५ मा भौतिक पूर्वाधार निर्माणको काम सम्झौता बमोजिम भए नभएको सम्बन्धमा प्राविधिकद्धारा नापजाँच गरि निर्माण कार्यको प्राविधिक मूल्यांकन सहितको कार्य सम्पन्न तयार गर्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले १०० वाटका १४ थान सोलार प्यानल जडान गरेको भनि सामाग्री खरिद गरि आरोही ट्रेड एण्ड सप्लायर्स विर्तामोड झापालाई रु.७९८००९।– भुक्तानी खर्च गरेकोमा कुन कुन स्थानमा सोलार जडान गरेको हो सो को पालिकाबाट अनुगमन गरेको पाईएन । निर्माण गरिएको संरचनाको नियमित अनुगमन तथा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ ।

६० **पूर्व निर्धारित क्षतिपूर्ति** (४३-२०८०-९-१):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **२५,१५४.५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६१ **संघीय सरकार : मानेभञ्ज्याङ रतन्छा बाँझे च्यानडाँडा सडक स्तरोन्नती**

**बढी भुक्तानी :** समपुरक अनुदान सम्बन्धि कार्यविधि,२०७७ मा तोकिएको लागत अनुपातमा संघीय र पालिकाबाट खर्च व्यहोर्नु पर्ने उल्लेख गरिएको छ ।।पालिकाले मानेभञ्ज्याङ रतन्छा बाँझे च्यानडाँडा सडक स्तरोन्नती निर्माणको लागि संघीय सरकारको ५० प्रतिशत र गाउँपालिकाको ५० प्रतिशत लागत सहभागितामा रु.२६०८११९७।- को लागत अनुमान तयार गरी संघीय सरकारको समपुरक अनुदानमा निर्माण सम्पन्न हुने गरी बोलपत्रको माध्यमद्वारा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी दोभान डि.आर.जेभी

उदयपुरसंग २०८१।६।२० [ म्याद थप समेत ] भित्र निर्माण कार्य सक्ने गरी मिति २०८०।१०।७ मा रु. १८०३९६०३।३१ को निर्माण सम्झौता गरेकोमा यस आर्थिक बर्षमा तेस्रो रनिङ विलसम्म रु. १५१६१३४०।-को निर्माण कार्य भएकोमा रु.१२०५८५०६।– भुक्तानी खर्च लेखेको छ । भुक्तानी भएको खर्च मध्ये संघीय सरकारबाट रु.१०४९८५०६।- र पालिकाबाट क्रमश रु.१५६००००।– खर्च लेखेको छ । निर्माण सम्झौता भएको रु.१८०३९६०३।३१ को ५० प्रतिशतले हुने रु.९०१९८०१।६५ मात्र भुक्तानी गर्नु पर्नेमा रु. १०४९८५०६।– भुक्तानी भएकोले रु.१४७८७०४।– बढी भुक्तानी भएको छ ।पालिकाले व्यहोर्ने लागत समेत संघीय सरकारबाट खर्च भएकोले बढी भुक्तानी खर्च लेखेको रु. १४७८७०४।- पालिकाले संघीय संचित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,७८,७०४ |

६२ **नन्फाईलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले देहायका निर्माण व्यावसायीलाई विभिन्न निर्माण कार्य गरे वापत विभिन्न रनिङ विलबाट भुक्तानी खर्च लेखेकोमा मुल्य अभिवृद्दि कर वापत रु-४२७७८४२२.३६ भुक्तानी गरेकोमा लेखापरीक्षण अवधि सम्म पनि उक्त फर्मलेहरुले मुल्य अभिवृद्दि कर विवरण नबुझाई नन्फाईलर रहेको देखिएकोले उक्त फर्मलाई भुक्तानी भएको मुल्य अभिबृद्दि कर रु.२९९४४८९.५८( ७० प्रतिशत ) सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट मुल्य अभिबृद्दी कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा अशुल हुनु पर्ने रु.

| सि.नं. | भौ.नं।मिति | फर्मको नाम | नन्फाईलर मिति | मु.अ.कर भुक्तानी | ७० प्रतिशत मु.अ.कर | विजक नं. |
|---|---|---|---|---|---|---|
| १. | १२।०८०।६।२४ | मल्लरानी।सजिव जे.भी. [Vat no 618477649] | 2080।T।2 | १८४५७०४.२३ | १२९१९९२।९६ | ०१।०८०।६।२४ |
| २ | ४७।०८०।९।११ | मल्लरानी।सजिव जे.भी. [Vat no 618477649] | ,, | ६२६७७६.०७ | ४३८७४३.२४ | ०४।०८०।९।११ |
| ३. | ४७।०८०।९।११ | मल्लरानी।सजिव जे.भी. [Vat no 618477649] | ,, | १४४२०१२.९४ | १००९४०९ | ०३।०८१।१।३० पछीको मितिमा जारी भएको विजक नं.कम रहेको |
| ७ | ५९।०८१।३।२४ | मायुमी कन्ष्ट्रक्शन[609890633] | 2080।T।2 | ३६३३४९.१२ | २५४३४४.३८ | ०३।०८१।३।२४ |
| | **जम्मा** | | | **४२७७८४२.३६** | **२९९४४८९।५८** | |

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **३५४,०४२.६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **२०४,१२४.८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **६५३,५२८.८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,९४,४८९.५८ |

६३ **नन्फाईलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । निम्नानुसारको व्यवसायीले

निमानुसारको कर बिजक जारी गरेकोमा आन्तरिक राजस्व विभागमा निजहरुको मु.अ.कर नम्बर जाँच गर्दा मु.अ.कर ननफाइलर देखियो । सम्बन्धित आपुर्तकलाई भुक्तानी भएको मु.अ.कर बराबर रकमको कर समायोजन पेश गर्नुपर्ने रु.

| **भौ.नं./मिति** | **आपुर्तक/सेवाप्रदायक** | **बिजकनं./मिति** | **खर्च रकम** | **मू.अ.कररु.** | **कैफियत** |
|---|---|---|---|---|---|
| १४६।२०८०।१०।१४ | पि डि के घिमिरे ट्रेड एण्ड सप्लायर्स (६००८६४८६४) | १४।२०८०।१०।५ | ३५६३३४ | ४०९९९४.२ | २०८०।M। १ |
| १७९।२०८०।११।१६ | हाम्रो ए टु जेड अर्डर एण्ड सप्लायर्स (६२०६७३६००) | १३।२०८०।११।११ | २१३०२७ | २४५०७.६ | २०८०।M। ८ |
| २४४।२०८१।१।२४ | हाम्रो ए टु जेड अर्डर एण्ड सप्लायर्स (६२०६७३६००) | १६ र १७ २०८०।११। २४ | ९५१४५८ | १०९४५९.८७ | २०८०।M। ८ |
| ४१।२०८०।१०।४ (संघीय) | सुसेली सप्लायर्स (३०१७३४२४२) | ३१ र ३२ २०८०।९। २४ | ३१८३३२ | ३६६२२.३० | २०८०।T। २ |
| ४९।२०८०।१०।१४ (संघीय) | हाम्रो ए टु जेड अर्डर एण्ड सप्लायर्स (६२०६७३६००) | २।२०८०।९।१७ | १३०८३१ | १५०५१.४० | २०८०।M। ८ |
| २३३।२०८१।३।१८ (संघीय) | पि डि के घिमिरे ट्रेड एण्ड सप्लायर्स (१२४७६०२५१) | ४५।२०८१।३।२ | ४०००२० | ४६०२० | २०८०।T। २ |
| २३४।२०८१।३।१८ (संघीय) | पि डि के घिमिरे ट्रेड एण्ड सप्लायर्स (१२४७६०२५१) | ४४।२०८१।३।२ | ४२७७५० | ४९२१०.२० | २०८०।T। २ |
| ४७२।२०८१।३।१ | हलेसी न्यूज नेटवर्क प्रा लि (६०६९०३६५५) | ४२।२०८०१३।२२ | २५०००० | ३२५०० | २०८०।T। २ |
| २८२।२०८१।३।२२ (संघीय) | ढकाल हार्डवेयर एण्ड सप्लायर्स (६१२६२५४३७) | १७४।२०८१।३।२० | ५४५७९० | ६२७९० | २०८०।T। २ |
| | | | | | |
| **जम्मा** | | | | **७८६१५३.६०** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,८६,१५५.५७ |

६४ **वैठक भत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) अनुसार सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने र दफा २४ (४) मा अर्थ मन्त्रालयले सार्वजनिक खर्चमा एकरुपता ल्याउन र मितव्ययिता कायम गर्न गराउन खर्चको मापदण्ड तोक्न सक्ने छ । अर्थ मन्त्रालयले तोकेको मापदण्ड कार्यसञ्चालन निर्देशिका २०७७ को सि.नं. ७.१.१ अनुसार बैठक भत्ता भुक्तानीको लागी तोकिएको मापदण्ड अनुसार कार्यालय समय अघि पछि वैठक सम्पन्न हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी र कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान नगर्ने र कानुन अनुसार गठन भएका समितिलाई मात्र भत्ता प्रदान गर्ने सकिने व्यवस्था छ । कार्यालयका कर्मचारी मात्र सहभागी भएको र कार्यालय समयभित्र तपसिलको वैठक वसी वैठक भत्ता रु. ३४२४००।- भुक्तानी गरिएको छ । सार्वजनिक खर्चमा एकरुपता ल्याउन र मितव्ययिता कायम गर्न गराउन अर्थ मन्त्रालयले तोकेको खर्चको मापदण्ड आधारमा रही खर्च गरिनुपर्दछ ।

| भौ.नं. र मिति | वैठक स्थान र मिति | सहभागी | भुक्तानी भएको |
|---|---|---|---|
| २८९।२०८१।३।२३ | प्रधानमन्त्री रोजगार संवादमंच सञ्चालन | १० | १०००० |
| २८९।२०८१।३।२३ | प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय निर्देशन बैठक | १० | १०००० |
| २३।२०८०।६।२८ | कासमु पुनरावलोकन समिती | ९ | २०४०० |
| २६५।२०८१।२।९ | विभिन्न कार्यकरम सम्बन्धी बैठक | १० | ३७००० |
| ३२९।२०८१।३।५ | अनुगमन मुल्याङ्कन समिति बैठक | ११ | १७२००० |
| ३३८।२०८१।३।६ | अनुगमन मुल्याङ्कन समिति बैठक | १३ | ९३००० |
| **जम्मा** | | | **३४२४००** |

६५ **संघीय कार्यक्रमतर्फ**

६५.१ **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को बुदा नं २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुद्धिणिकरणको लागि छनौट भएको विद्यालयमा शिक्षण सिकाईमा ICT तथा विज्ञान प्रयोगशाला योजना वापत ६५०००० अनुदान वितरण गर्न सकिने व्यवस्था गरेको छ ।यसरी छनौट भएका बिद्यालयलाई अनुदान उपलब्ध गराउँदा कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए बमोजिम एकमुष्ट रु.६ लाख ५० हजार आई सि टी पुस्तकालय वा विज्ञान प्रयोगशाला व्यबस्थापन का लागि अनुदान उपलब्ध गराउने र बिद्यालयले कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए अनुसार त्यसरी प्राप्त अनुदानबाट नमुना विद्यालय व्यावस्थापन निर्देशिका २०७४ मा उल्लेखित तत्कालिन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरि शैक्षिक पूर्वाधार स्थापना एवम् खरिद कार्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया पूरा गरेर मात्र खरिद गर्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले देहायका भौचरबाट विद्यालयमा शैक्षिक गुणस्तर सुद्धिणिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत विविन्न सामाग्री सोझै खरिद गरी रु १२९९०४६।- भुक्तानी दिएको देखियो । यसरी खरिद भएका प्रबिधिजन्य कुनै सम्पति तथा जिन्सी मालसामानको हकमा सम्बन्धित कार्यालयको प्राबिधिक कर्मचारीबाट जाँच गराई के कस्तो अबस्थामा सम्पति तथा जिन्सी मालसामान प्राप्त भएको हो प्रमाणित गराई सो कुरा कैफियत जनाई लगत खडा गर्नुपर्ने तथा सम्बन्धित विद्यालयमा आवश्यक्ता र माग, समितिको निर्णय, जिन्सी वितरण गरेको हस्तान्तरण फारम र विद्यालयको जिन्सी दाखिला हुनुपर्ने उल्लेख छ । तर पालिकाले खरिद गरेका सामग्रीहरु पालिकाको जिन्सी खातामा दाखिला तथा बिद्यालयमा बितरण तथा दाखिला गरेको नदेखिएकोले कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए भन्दा फरक तरिकाले खरिद भएका उक्त सामग्रीहरु विद्यालयलको जिन्सी किताबमा आम्दानी गरेको प्रमाणका साथै पालिकाबाट उक्त कार्यको विद्यालयलाई हस्तान्तरण गरेको प्रमाण र विद्यालयको जिन्सी दाखिला साथै अनुगमन भएको अनुगमन निरीक्षण प्रतिवेदन पेश हुनुपर्ने रु.

| गो भौ नं र मिति | आपूर्तिकर्ता | खरिद विवरण | खर्च रकम |
|---|---|---|---|
| २८५।२०८१।३।२२ | लाइफ लाइन सर्जिकल | विज्ञान प्रयोगशाला सामाग्री | ६,४९,२४८ |
| २८६।२०८१।३।२२ | जेनन कम्प्युटर सप्लायर्स | विद्युतीय सामाग्री | ६,४९,७९८ |
| **जम्मा** | | | **१२,९९,०४६** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,९९,०४६ |

६५.२ **भुलभुले सिचाई योजना** : अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा १० मा योजनाको कुल लागतको अनुपातको आधारमा खर्च गर्नु पर्ने व्यबस्था रहेको छ । साना सिचाई योजना कार्यक्रममा कुल लागतको ३० प्रतिशत स्वीस, २०/२०/२० प्रतिशत क्रमशः संघ/प्रदेश/ स्थानीय तहको र १० प्रतिशत उपभोक्ताले व्यहोर्नुपर्ने व्यवस्था छ।तर पालिकाले सञ्चालन गरेको भुलभुले सिचाई योजना सम्बन्धमा रु २९९६८१२.६८ बराबरको कार्यसम्पन्न पेश हुन आएकोमा खर्च लेख्दा अनुपात नमिलेको देखियो।पालिकाले

संघिय श्रोतबाट रु ५९९३६२.५४ कट्टा गर्नुपर्नेमा रु ८१८९८०।– खर्च लेखेको र प्रदेश श्रोतबाट रु ५९९३६२.५४ कट्टा गर्नुपर्नेमा रु ४८३५४६।– खर्च लेखेकाले अनुपातिक श्रोत मिलान नभएको पाइयो।पालिकाले संघबाट रु २१९६१८।– बढी र प्रदेशबाट रु ११५८१६ कम खर्च लेखेकोले अन्य आयोजना सञ्चालन गर्दा कानूनमा भएको व्यवस्था बमोजिम अनुपातको आधारमा खर्च लेख्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

६५.३ **राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता** : राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (पाचौँ संशोधन) को दफा ८(१) मा स्थानीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजकले स्थानीयस्तरमा प्रतियोगिता सञ्चालन गरी खेलाडीलाई तथा टोलीलाई जिल्लास्तरीय प्रतियोगितामा सहभागी गराउनुपर्ने उल्लेख छ।तर पालिकाले प्रतियोगिता आयोजना नगरी तथा विद्यार्थी मनोनयनको केही प्रक्रिया नगरी सोझै ४ विद्यालयको नाममा रु २५००० दरले निकासा गरी रु १०००००।– खर्च लेखेको पाइयो। यसरी कार्यक्रम सञ्चालन नगरी सोझै निकासा दिदा विद्यालयले कार्यक्रम सञ्चालन गरेको वा नगरेको यकिन हुने अवस्था रहेन।तसर्थ पालिकाले कानूनको परिपालना गरी कार्यक्रम सञ्चालन गरेर मात्र खर्च लेख्नुपर्नेमा सो नगरेकाले खर्च लेखेको रकमलाई नियमसम्मत मान्न नसकिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

६५.४ **सिप विकास तालिमको उपलब्धी :** लघु उद्य सञ्चालन निर्देशिका २०७७ को दफा ५८ अनुसार स्थानिय तहले उपयुक्त सूचकहरु निर्धारण गरि कार्यक्रमको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्ने र स्थानिय तहमा रहेको उद्यम विकास समितिले कार्यक्रमको नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ । यस वर्ष संचालन भएका ४ वटा प्राविधिक सिप विकास तालिममा रु. ३६५०००।- खर्च भएको छ ।पालिकाले यसरी गरीवी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम संचालन गरी बार्षिक सम्पन्न कार्यक्रमहरुको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजना सम्वन्धमा समेत पुनः अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरी अनुदानको सहि सदुपयोग गर्नुपर्ने देखिन्छ । पालिकाले सो सम्वन्धमा आधिकारीक रुपमा अनुगमन गरेको अवस्था छैन, सो सम्वन्धमा ध्यानदिनु पर्दछ ।

६५.५ **कन्टिन्जेन्सी खर्च :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ बमोजिम संघिय सरकार मार्फत हुने कार्यहरुमा कन्टिन्जेन्सी कट्टा गर्न पाउने व्यवस्था छ। कार्यालयले मानेभन्ज्याङ रतन्छा बाजेच्यानडाँडा सडक स्तरोन्नती योजना क्रमागत अन्तर्गत खर्च कन्टिन्जेन्सी खर्च लेख्दा योजनासंग कुनै पनि सम्बन्ध नभएको भ्रमण भत्ता रु ३८४१८०।- खर्च भुक्तानी भएको छ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : साकेला गाउँपालिका, खोटांग , साकेला गाउँपालिका , खोटाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | महेश राई | २०७८-१२-१८ | २०८१-६-५ |
| कार्यालय प्रमुख | दुर्ग बहादुर राई | २०८१-८-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भोज राज खनाल | २०७८-९-१ | २०८१-९-५ |
| लेखा प्रमुख | उत्तम आचार्य | २०८१-९-१६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६१२,५८९.७२ | ६,२०३,५९६ | १७,९९५,३७५.७८ | ० | ० | १४२,२०० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २४,९५३,७६१.५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ४,२४१,२८१.३५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २०,७१२,४८०.१५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५७२९८५११.३२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३४२०५९१५२.३१ | चालु खर्च | ३२८४०१८४२.४२ |
| प्रदेश सरकारबाट अनुदान | ११५८७००० | पूँजीगत खर्च | १०३५६४६६६.९९ |
| राजश्व बाँडफाँट | ५३९३२८९१.४१ | वित्तीय/अन्य व्यवस्था | ३९७५६०४.७६ |
| आन्तरिक आय | २५०५८५१.१२ | | |
| अन्य आय | ७२२९२५४.०४ | | |
| कुल आय | ४१७३१४१४८.८८ | कुल खर्च | ४३५९४२११४.१७ |
| बाँकी मौज्दात | | ३८६७०५४६.०३ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण त्रैमासिक रुपमा गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।